नजर हमर

# मधेशदृष्टि

राष्ट्रिय दैनिक

Madheshdristi National Daily

www.emadheshdristi.com

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

**मधेशदृष्टिको अत्यन्त जरुरी सूचना**

**मधेश प्रदेश प्रकाशन समूह**द्वारा प्रकाशित ***मधेशदृष्टि दैनिक*** बागमती प्रदेशको हेटौँडादेखि मधेश प्रदेशको आर्थिक नगरी वीरगंज, प्रदेश राजधानी जनकपुरधाम हुँदै, लहान, राजविराजसम्म यहाँहरुको घरदैलो, कार्यालय, फर्म, पसलमा उपलब्ध गराइरहेका छौँ । यहाँहरुले दिनु भएको सल्लाह, सुझावअनुसार हामी पठनीय सामग्री प्रस्तुत गरेर बजारमा पाठकको मन जित्ने अभियानमा छौँ । यसैक्रममा वीरगंज बजारमा मधेशदृष्टि दैनिकको ग्राहक शुल्क भनेर केही अनधिकृत व्यक्तिहरुले रकम संकलन गरेको खबर हामीलाई प्राप्त भएको छ। हामीले वीरगंज र अन्यत्र पनि कसैसँग वार्षिक ग्राहक शुल्क उठाएका छैनौँ। उठाउन परे मधेशदृष्टि दैनिककै बिल भर्पाइमा रकम लिनेछौँ। आइन्दा कोही यसरी अनधिकृत ढंगले रकम उठाउन आएको पाइए सिधा ९८५५० २१२८१ वा ९८०७१ ७०९९५ र जनकपुरधाममा सुनील साहलाई ९८०८८ ३५१९८ मा खबर गरिदिनु हुन अनुरोध गर्दछौँ।

वर्ष २ • अंक २७५ • २०८१ साल भाद्र ०७ गते शुक्रबार • Friday 23, August 2024 • सूर्योदय: बिहान ५:४१ बजे • सूर्यास्त: साँझ ६:३४ बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

## 'मधेश सरकार पनि मधेशी जनता लुट्दै'



**मधेशदृष्टि**
**कलैया ।**

आम जनता पार्टी (आजपा) का अध्यक्ष एवम् पूर्वमन्त्री प्रभु साहले मधेश सरकार मधेशी जनतालाई लुट्नकै लागि बनेको दावी गरेका छन् । मधेशवादी दलको भ्रष्ट चरित्रले मधेश बदनाम भएको उनले बताए ।

बाराको खुटुवा प्रर्सौनीमा आजपाद्वारा बिहीबार आयोजित भेलामा साहले मधेशी जनतालाई लुट्न, ठग्न मधेश सरकार र मधेशवादी दलका नेताको पेशा नै बनिसकेको ठोकुवा गरे । 'छोरीलाई वितरण गरिने साइकल चोरेका छन्, दलितको घर निर्माणमा भ्रष्टाचार गरेको, राहतको पैसा समेत लुटेका छन्, बजेट किनबेच एवम् कृषकको अनुदानमा कमिसन भ्रष्ट र चोर नेताको पेशा भएको छ,' साहले भने, 'भ्रष्टाचार र लुटमा पिएचडी गरेका भ्रष्ट र चोर नेताले मधेशको व्यापार गरेर मधेशलाई नै बदनाम गरिसकेका छन् ।' किसानको अनुदान तथा पीडितको राहतमा समेत भ्रष्टाचार गरेका लुटेराले मधेशलाई समृद्ध बनाउने काम गर्नै नसक्ने साहले बताए । 'मानव विकास सूचांकमा तल रहेको मधेश जस्तो सानो र गरिब प्रदेशमा उच्चतहको तलब सेवासुविधासहितको जम्बो मन्त्रिमण्डल किन चाहियो ? मधेशलाई समृद्ध बनाउने, मधेशी युवालाई रोजगार दिने कुनै काम नगरी केबल लुटने हो र लुट मच्चाउनकै लागि लागेका

*बाँकी पृष्ठ ३ मा*

## 'नयाँ प्रहरी कानून आउँदै'



**मधेशदृष्टि**
**जनकपुरधाम ।**

गृहमन्त्री रमेश लेखकले नयाँ प्रहरी कानून बनाउने तयारीमा गृह मन्त्रालय लागेको बताएका छन् । धनुषा र सिरहामा आयोजना गरिने विभिन्न कार्यक्रममा सहभागी हुन जनकपुर आएका लेखकले प्रहरी समायोजन र प्रदेश प्रहरी गठन हुने हिसाबले वर्तमान सरकार अगाडि बढेको बताए । गृहमन्त्री लेखकले समस्या समाधानका लागि संघीय प्रहरी कानून संशोधन हुने गरी नयाँ कानून नै बनाउन लागिएको जिकिर गरे । गृहमन्त्री लेखकले भने, 'नेपाल प्रहरीको ऐन ६९ वर्ष पुरानो भयो, यसमा सामयिक परिमार्जन आवश्यक छ । नयाँ कानून निर्माण तथा संठनात्मक क्षमता बढाएर प्रहरीलाई अझ व्यावसायिक बनाउनुपर्छ ।' उनले नेपाल प्रहरीसम्बन्धी ऐन परिमार्जन गरेर बजेट व्यवस्थापनका निम्ति अर्थ मन्त्रालयमा पुगिसकेको बताए । नयाँ प्रहरी कानून बनाउन मन्त्रालयबाट निर्णय गरी अर्थ मन्त्रालयमा पठाइसकिएको र विभिन्न मन्त्रालयको

*बाँकी पृष्ठ ३ मा*

# आमरण अनशन बसेका युवाको स्वास्थ्यमा समस्या





**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**

कमला नदीमा पुल निर्माण माग गर्दै मधेश प्रदेशका मुख्यमन्त्री कार्यालयअगाडि आमरण अनशन बसेका युवाको स्वास्थ्य अवस्था बिग्रिन थालेको छ । तीनदिनदेखि अनशनमा बनेका उनीहरुको स्वास्थ्य अवस्था कमजोर बन्दै गएको छ । उनीहरूलाई डाक्टरले उपचार शुरु गरिसकेका छन् । सबैलाई स्लाइनपानी चढाइएको छ ।

अनशनमा बसेका १० युवाको स्वास्थ्य अवस्था कमजोर बन्दै गएको संघर्ष समितिका संरक्षक रामरिझन यादवले बताए । उनले सिरहाका स्थानीय निकै लामो समयदेखि आन्दोलन गरेर सरकारको ध्यानाकर्षण गराउँदै आउदासमेत कुनै सुनुवाइ नभएपछि मुख्यमन्त्री सतिश कुमार सिंह समक्षसमेत ज्ञापन पत्र बुझाउँदा आश्वासनबाहेक केही नपाएपछि आफूहरु बाध्य भएर आमरण अनशनको कदम चाल्न परेको बताए । उनले भने, 'अनशन हाम्रो रहर होइन, बाध्यता हो हामी बाध्यताका साथ अनशन थालेका छौँ ।'

यादवले भने, 'हामीहरुले राखेको मागका विषयमा मन्त्रिपरिषदको बैठकबाट नै सम्बोधन गरिएको खण्डमा अनशन तोड्न तयार रहेको तर मधेश प्रदेशका भौतिकमन्त्रीदेखि मुख्यमन्त्रीसम्मले आश्वासन मात्रै दिइरहेका छन् ।' अनशनमा रहेका प्रणीव कुमार यादवले आफूहरुको मागप्रति विभिन्न निकायको आश्वासनबाहेक केही प्राप्त नभएको बताए । अनशन बस्नेमा संघर्ष समितिका संयोजक तथा कर्मचारीसमेत रहेका ई. प्रवीण कुमार यादव, सिरहा नगरपालिका वडा नम्बर ४ का वडाअध्यक्ष सम्साद आलम, शैलेश यादव, भोगेन्द्र यादव, सिरहा नगरपालिका वडा नम्बर ६ का वडाअध्यक्ष ईन्द्रजीत यादव, औरही गाउँपालिका वडा नम्बर ४ का वडाअध्यक्ष सुरेन्द्र यादव, औरही गाउँपालिका वडा नम्बर ३ का वडाअध्यक्ष जीवछ प्रसाद यादव, शिवशंकर यादव, मनिषकुमार यादव, रुपेश कुमार यादव छन् ।

आमरण अनशनमा बसेका भोगेन्द्र साहले भने, 'पुल प्रदेश सरकारले पहल लिए मात्र पनि बन्छ, नत्र बन्दैन, केन्द्र सरकारले झन लफडा लगाइदिन्छ, त्यसैले यसको पहल प्रदेश सरकारले लिनुपर्छ र उसले नै यो निर्माण गर्नुपर्छ ।' करिब १३ वर्षदेखि यो पुल निर्माण कार्य जारी छ । २०६८ जेठ ३१ गते ४२ महिनाभित्र पुल निर्माण सम्पन्न गर्ने गरी पप्पु कन्स्ट्रक्सन र ज्यान जेभीले पुल निर्माणको ठेक्का पाएका थिए । तर समयमा निर्माण गर्न नसकेपछि ती कम्पनीको ठेक्का तोडेर लुम्बिनी बिल्डर्सलाई ठेक्का दिइएको थियो । लुम्बिनी बिल्डर्सले निर्माण कार्य अन्तिम चरणमा पु¥याएको थियो । २०७८ साउनमा उद्घाटन गर्ने तयारी चलिरहेको थियो । तर एक महिनाअघि नै १२ स्पानमध्ये एउटा स्पान भासिएको थियो ।

कम्पनीले पुलको बीमा गराएको थियो । तर बीमा कम्पनीबाट त्यसको भुक्तानी नपाएका कारण पुल निर्माणमा ढिलाइ भइरहेको कम्पनीले जनाएको छ । पुल २४ करोड ४२ लाख रुपैयाँमा निर्माण भएको हो । पुल पुनःनिर्माणका लागि सिरहामा पटकपटक आन्दोलन भएको छ । प्रधानमन्त्री र मन्त्रीले समेत पुल निर्माण समयमा हुन्छ भनेर प्रतिबद्धता जनाएका छन् ।

तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले पुल निर्माण माग गर्दै आन्दोलनमा बसेकालाई अनशन तोडाएर चाँडै पुल निर्माण हुने प्रतिबद्धता जनाएका थिए । र, सम्बन्धित अधिकारीलाई निर्देशन पनि दिएका थिए ।

त्यसपछि प्रधानमन्त्री बनेका पुष्पकमल प्रचण्डले पनि त्यस्तै आश्वासन दिएका थिए । भौतिक मन्त्री बनेका नारायणकाजी श्रेष्ठले पनि निर्माणस्थलमा अनुगमन गरी चाँडै नै पुल निर्माण हुने आश्वासन दिएका थिए ।

त्यसपछि भौतिकमन्त्री बनेका रघुवीर महासेठले त पुल निर्माण हुने समयसीमा नै तोकेका थिए । उच्चस्तरबाट प्रतिबद्धता आए पनि पुल निर्माण नभएपछि युवाले मधेश सरकारविरुद्ध आन्दोलन शुरु गरेका हुन् ।




## तत्काल अर्को पुल निर्माणबारे ध्यानाकर्षण




**मधेशदृष्टि**
**काठमाडौँ ।**

राष्ट्रिय सभाको बिहीबारको बैठकमा सांसद तुलसाकुमारी दाहालले हुलाकी राजमार्गअन्तर्गत धनुषा र सिरहाको दक्षिणी सिमानामा कमला नदीमा बन्दै गरेको पुल भासिएकाले सोही स्थानमा अर्को नयाँ पुल निर्माण गर्न सरकारको ध्यानाकर्षण गराए ।

आजको बैठकको आकस्मिक समयमा सांसद दाहालले निर्माणाधीन पुल भासिएको घटनाको अनुसन्धान गर्न पनि सरकारसँग आग्रह गरिन् । निर्माणाधीन पुल भासिँदा त्यस क्षेत्रका २० लाख नागरिकले सास्ती पाइरहेको उनले उल्लेख गरिन् । 'स्थानीय जनप्रतिनिधि र जनताले पुल निर्माणका लागि बारम्बार पहल गर्दा सुनुवाइ नभएपछि भदौ ४ गतेदेखि १० जना युवाले मधेश प्रदेशका मुख्यमन्त्रीको कार्यालय अगाडि अनशन बसिरहेकाले तत्काल पुनःनिर्माण अघि बढाउन सरकारको ध्यानाकर्षण गराउँछु,' उनले भनिन् ।

३० किलोमिटरको दूरी पार गर्न अर्को एक सय किलोमिटर हिँड्नु पर्ने वा भारतीय सीमानाहुँदै आउनुपर्ने बाध्यता रहेको उल्लेख गर्दै सांसद दाहालले कमला नदीमा निर्माणाधीन पुल भासिएकाले यसको छानबिन गर्न माग गरिन् । कमला नदीमा पुल बनाउन २०६८ साल मङ्सिरमा पप्पु लुम्बिनी बिल्डर्स र जेभी कन्स्ट्रक्सनसँग २४ करोड ९१ लाख रुपैयाँको ठेक्का सम्झौता भएको उनले जानकारी दिइन् । कमला नदीमा चार सय ७० मिटर लामो र ११ मिटर चौडा पुल साढे तीनवर्षभित्र सम्पन्न गर्ने सम्झौता भएको उल्लेख गर्दै सांसद दाहालले समय थप्दै लगेर १० वर्षसम्म निर्माण हुन नसकेको समेत जानकारी गराइन् । स्थानीय जनताको विरोधपछि मधेश प्रदेश सरकारलाई ज्ञापनपत्र दिइएको उल्लेख गर्दै उनले पुल निर्माण नहुनुका कारणसहित स्पष्टिकरणसमेत सोधिएको बताइन् ।

जनताको विरोधपछि हुलाकी सडक निर्देशनालयले जेभी कन्स्ट्रक्सनलाई हटाएर ठेक्काको सम्झौता लुम्बिनी कन्स्ट्रक्सनलाई दिएको बताउँदै सांसद दाहालले सम्झौताअनुसार पप्पु लुम्बिनी बिल्डर्सले २०७८ असार १३ गतेभित्र निर्माण सम्पन्न गर्नुपर्नेमा काम पूरा हुन नसकेको बताइन् । निर्माणाधीन अवस्थामा रहेको पुल २०७८ असारमा भासिएर काम नलाग्ने अवस्थामा पुग्यो । यसबारे सत्यतथ्य रुपमा छानबिन गर्नु आवश्यक छ ।

पुल निर्माणका लागि गरिएको डिजाइन नै त्रुटिपूर्ण रहेको उल्लेख गर्दै सांसद दाहालले सोको छानबिन कसले गर्ने भनी प्रश्न गरिन् । उनले भासिएको पुलको निर्माण र मर्मत गर्ने सम्भावना नरहेको जनाउँदै त्यस स्थानमा नयाँ पुल निर्माण गर्नुपर्ने आवश्यकता रहेको बताइन् ।

## नागरिक समाजको ऐक्यवद्धता



**मधेशदृष्टि**
**जनकपुरधाम ।**

सिरहा र धनुषा जोड्ने कमला पुल पुनर्निर्माणको माग गर्दै जनकपुरधाममा बसेको आमरण अनशनलाई सिरहा नागरिक समाजले समर्थन जनाएको छ । केही आन्दोलनका कार्यक्रम घोषणा भएको छ ।

सिरहा नागरिक समाजले आमरण अनशनमै बसेर उठाइएको मुद्दाको छिटो सुनुवाइ गर्न माग गर्दै बिहीबार सिरहा बजार बन्द घोषणा गरेको थियो । बजार क्षेत्रमा मोटरसाइकल जुलुस निकालेर बजार बन्द गराउँदै आन्दोलन प्रभावकारी बनाउन उनीहरुले जनसमर्थनको लागि अपिल गरे ।

नागरिक समाजले शुक्रबारदेखि अनिश्चितकालीन बजार बन्द गरी चक्काजाम र सम्पूर्ण सरकारी तथा गैरसरकारी कार्यालय बन्दको अपिल गरेको छ ।

# माउन्टेन ड्युमा अखाध्य बस्तु भेटियो



**मधेशदृष्टि**
**सर्लाही ।**
चिसो पेय पदार्थ माउन्टेन ड्युमा अखाध्य बस्तु भेटिएको छ । बरुण वेभेरेज नेपाल प्रा.लिद्वारा उत्पादित पेय पदार्थ ड्युको बोतल भित्र फलामको रिङ जस्तो देखिने अखाध्य बस्तु भेटिएको हो । सर्लाहीको लालबन्दी नगरपालिका वडा नम्बर ७ स्थित एक खाजा घरमा चिसो पेय पदार्थ खाने क्रममा सिल नतोडिएको ड्युको बोतलभित्र मानव स्वास्थ्यमा खेलबाड गर्ने किसिमको अखाध्य बस्तु भेटेको उपभोक्ताले बताए । २०७३ साल वैशाख पहिलो साता सर्लाहीमा बरुण वेभेरेज नेपाल प्रा.लिद्वारा नै उत्पादित ड्युमा अखाध्य पदार्थ सर्पजस्तो देखिने बस्तु भेटिएको थियो भने बुधबार फेरी ड्युमै अखाद्य बस्तु भेटिएको हो । ड्युको बोतल भित्र अखाध्य बस्तु भेटिनुले बरुण वेभेरेज नेपाल प्रा.लिको हदैसम्मको लापरबाही र उपभोक्ताको स्वास्थ्यमाथि निरन्तर खेलवाड भएको प्रष्ट देखिन्छ । उपभोक्ताको स्वास्थ्यमाथी गम्भीर खेलबाड गर्ने गरी ड्युको बोतल भित्र बारम्बार अखाद्य बस्तु भेटिदा पनि उत्पादक कम्पनीका कर्मचारीहरु कहिल्यै मिडियामा बोल्न चाहादैनन् ।

के भन्छन् उपभोक्ता ?

ड्युमा अखाध्य बस्तु भेटिएपछि कमलामाई मिडिया प्रा.लिले बरुण वेभेरेज नेपाल प्रा.लि.का बजार व्यावस्थापकसँग प्रतिक्रिया लिन खोज्दा गैर जिम्मेवारपूर्ण जवाफ दिएको उपभोक्ताले बताए । यसरी उपभोक्ताको स्वास्थ्यमाथी गम्भीर खेलबाड गर्ने बरुण वेभेरेज नेपाल प्रा.लिलाई कारबाही गर्न माग समेत गरेका छन् । 'यदी सरकारी निकायले कारबाही गर्दैन भने हामी सम्पूर्ण उपभोक्ता मिलेर बरुण वेभेरेज नेपाल प्रा.लि.को सर्लाहीका डिलहरुमा सिलबन्दी गर्ने छौ, यस्तो लापरबाही एक पटक नभएर बारम्बार भई रहेको छ' ती उपभोक्ताले भने ।

यसबारेमा तपाईहरुको लापरबाही देखियो भनेर बरुण वेभेरेज नेपाल प्रा.लि.का कर्माचारी बजार व्यावस्थापक गोकुल पौडेललाई जानकारी गराउँदा उनले 'प्रयोग अवधि सकिएको होला वा अन्य कुनै कारण होला त्यो सामान्य हो' भन्दै गैर जिम्मेवापूर्ण जवाफ दिएको उपभोक्ताको भनाइ छ । यसबारेमा हामीले प्रतिक्रिया लिन बरुण वेभेरेज नेपाल प्रा.लि.का रिजनल मार्केटिङ मेनेजर शुभाष दाहाललाई फोन गर्दा उनले आफुलाई सो सम्बन्धमा कुनै जानकारी नभएको र आफूले त्यो बोतल फिर्ता गरेर अर्को बोतल पठाउने बताए ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय जनकपुरका प्रविण तिवारीलाई सो विषयमा जानकारी गराउँदा उनले बरुण वेभेरेज नेपाल प्रा.लिले निकै लार्पवाही गरेको स्थलगत गरेर स्याम्पल उठाउर कारबाही प्रक्रियामा जाने बताए । उनले फेला परेको प्रमाण खाद्यको मानिसले नियन्त्रणमा लिने र बरुण वेभेरेज नेपाल प्रा.लि.लाई कारबाही गर्ने प्रतिवद्धता जनाए । यसरी चिसो पेय पदार्थमा अखाध्य बस्तु भेटिएको खण्डमा खाद्य ऐन अनुसार उत्पादक कम्पनीको लापरबाहीका कारण दोषी पाइएमा पहिलो पटकलाई एक हजार रुपैयाँ जरिवाना र छ महिना कैद सजाय हुने कानुनी व्यवस्था रहेको छ । तर, उपभोक्ता संरक्षण ऐनमा भने पाँच लाख रुपैयाँ जरिवाना र १४ वर्ष कैद सजाय हुने व्यवस्था रहेको छ ।

# पर्यटनमन्त्री पाण्डे भारत प्रस्थान



**काठमाडौँ ।**
संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले भारतको गुजरातमा आयोजना हुन लागेको 'धर्म–धम्म' सम्मेलनमा भाग लिन आज त्यसतर्फ प्रस्थान गरेका छन् । मन्त्री पाण्डे गुजरतामा हुने तीन दिने आठौँ 'धर्म–धम्म' सम्मेलनमा सहभागी हुन त्यसतर्फ प्रस्थान गरेका हुन् । भारत फाउण्डेशनको पहल एवं गुजरात विश्वविद्यालय, अमदाबादसँगको सहकार्यमा हुन लागेको 'धर्म–धम्म' सम्मेलनमा हिन्दू र बौद्ध सभ्यताबीच निकट रहेका विचारमाथि विमर्श हुने जनाइएको छ । सो सम्मेलनमा नेपालसहित भूटान र श्रीलङ्कालगायत देशका मन्त्रीहरूका सहभागिता रहने जनाइएको छ । यसपटकको 'धर्म–धम्म' सम्मलेनको नारा 'धर्म र धम्ममा ब्रह्माण्ड विज्ञान' रहेको छ । सम्मेलनले शताब्दीयौंदेखिको सांस्कृतिक र सभ्यताको अन्तरसम्बन्धले प्रदान गरेको 'धर्म–धम्म' बीचको साझा विचारलाई एकीकृत गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने अपेक्षा गरिएको छ ।

सम्मेलनको उद्देश्य उदीयमान नयाँ विश्व व्यवस्थाको लागि दार्शनिक संरचना निर्माण गर्नका लागि 'धर्म–धम्म' परम्पराका धार्मिक, राजनीतिक र विचारधारा नेताहरूलाई एकसाथ ल्याउने रहेको छ । उक्त सम्मेलनमा विदेशका शोधकर्ताहरूले आफ्ना शोधपत्रहरू प्रस्तुत गर्ने जनाइएको छ । सम्मेलनमा १८ देशका तीन सयभन्दा बढी प्रतिनिधि सहभागी हुनेछन् । रासस

# शर्तसहित टिकटक खोल्न दिने

**मधेशदृष्टि**
**काठमाडौँ ।**
नेपाल सरकारले शर्तसहित सामाजिक सञ्जाल 'टिकटक' खोल्न दिने निर्णय गरेको छ । नेपाल सरकार मन्त्रिपरिषद्को बिहीबार बसेको बैठकले सो निर्णय गरेको सञ्चार तथा सूचना प्रविधिमन्त्री एवं सरकारका प्रवक्ता पृथ्वीसुब्बा गुरुङले जानकारी दिए ।

सबै सामाजिक सञ्जाललाई समान व्यवहार गर्न र आवश्यक नियम, कानुन बनाउन गत साउन २४ गते सञ्चारमन्त्री, सचिव र नेपाल दूरसञ्चार प्राधिकरणका अधिकारीको छलफलमा प्रधानमन्त्री केपी शर्मा ओलीले दिएको निर्देशनका आधारमा सञ्चार मन्त्रालयले उक्त प्रस्ताव तयार गरेको थियो । टिकटकको प्रयोग गरेर बिकृती बढाएको भनी टिप्पणी भएपछि तत्कालीन सरकारले गत कत्तिक २७ गते टिकटिकमाथि प्रतिबन्ध लगाएको थियो ।

# ऋण अनुदानमा परिणत गर्न चिनियाँ पक्षलाई आग्रह



**काठमाडौँ ।**
सरकारले पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्दा लिइएको ऋणलाई अनुदानमा परिणत गर्न चिनियाँ पक्षलाई आग्रह गरेको छ । अर्थ मन्त्रालयले ऋणलाई अनुदानमा परिणत गर्न आग्रह गर्दै चिनियाँ पक्षलाई पत्र लेखेको छ । अर्थ मन्त्रालयमा बिहीबार आयोजित कार्यक्रममा अर्थ मन्त्रालय अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा प्रमुख धनीराम शर्माले सो पत्र चीन अन्तर्राष्ट्रिय विकास सहयोग निकायका उपाध्यक्ष याङ वेईकुनलाई हस्तान्तरण गरेका हुन् ।

पत्र हस्तान्तरण गर्नु अघि उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले चीन नेपालको असल छिमेकी भएको र नेपालको अर्थतन्त्रको अवस्थालाई विशेष ध्यान दिँदै पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्दा लिइएको ऋणलाई अनुदानमा बदल्न चिनियाँ पक्षलाई आग्रह गरेका थिए । उनले नेपाल सरकारले गरेको आग्रह चिनियाँ पक्षबाट पूरा हुने विश्वास व्यक्त गरे ।

सो अवसरमा अर्थ सचिव डा रामप्रसाद घिमिरे, नेपालका लागि चीनका राजदूत चेन सोङलगायत उपस्थित थिए । पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलका लागि नेपाल सरकारले चीनको एक्जिम बैंकबाट करिब हालको विनिमय दरअनुसार करिब २५ अर्ब ८८ करोड रुपैयाँ ऋण लिने सम्झौता गरेको थियो । विसं २०७२ चैत ८ गते पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका लागि ऋण सम्झौता भइ २०७३ साल पुस २७ गतेबाट निर्माण सुरु भएको थियो । विसं २०७९ पुस १७ गते पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको उद्घाटन गरिएको थियो ।

कार्यक्रममा काठमाडौँ चक्रपथको कलङ्कीदेखि बसुन्धरा महाराजगञ्जसम्मको आठ दशमलव दुई किलोमिटर सडक निर्माण, हिल्सा–सिमिकोट सडक खण्डलाई दुई लेनमा स्तरोन्नति, मुस्ताङको कोरला नाकामा आइसिपी र आइसिडी निर्माण र अरनिको राजमार्गको मर्मत सुधार तथा पहिरो नियन्त्रणसम्बन्धी कार्यको सम्भाव्यता अध्ययनसम्बन्धी चारवटा छुट्टाछुट्टै सहयोग आदान प्रदानसम्बन्धी पत्रमा हस्ताक्षर भयो । सरकारको तर्फबाट अर्थ सचिव डा घिमिरेले र चीनको तर्फबाट चीन अन्तर्राष्ट्रिय विकास सहयोग निकायका उपाध्यक्ष याङ वेइहुनले हस्ताक्षर गरेका थिए ।

अर्थ मन्त्री पौडेलले वीर अस्पतालको पूर्वाधार निर्माण, मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालयको पूर्वाधार निर्माणको सम्भाव्यता अध्ययन गरी डिपिआर तयार तथा पूर्वाधार निर्माण लगायतमा चीन सरकारको सहयोगका लागि अनुरोध गरे । उपाध्यक्ष याङ वेइहुनले नेपाल सरकारको तर्फबाट अनुरोध प्राप्त भइसकेको र यसलाई चिनियाँ पक्षले अध्ययन गरी थप प्रक्रिया अगाडि बढाउने जानकारी दिएका थिए ।

# 'मेयर व्यक्तिगत भ्रमणमा जाँदा भ्रम फैलाइयो'


वीरगंज महानगरपालिका
Birgunj Metropolitan City

**मधेशदृष्टि**
**वीरगंज**
वीरगंज महानगरपालिकाका प्रमुख राजेश मान सिंहको सिंगापुर भ्रमणलाई लिएर विभिन्न संचार माध्यममा आएका समाचारप्रति उनको सचिवालयले आपत्ति जनाएको छ । व्यक्तिगत भ्रमणका सिलसिलामा सिंगापुर जानुभएको विषयलाई स्वास्थ्यमा गम्भीर समस्या आएर उपचार गर्न गएको भनेर गैर जिम्मेवार ढंगले समाचार प्रस्तुत गरी जनमानसमा भ्रम फैलाउन खोजिएको भन्दै सचिवालयले आपत्ति जनाएको हो ।

मेयर सिंहका स्वकीय सचिव सत्यराज घिमिरेले जारी गरेको विज्ञप्तीमा भनिएको छ, 'केही संचारमाध्यमले नगर प्रमुखज्यू, तथा उहाँको निजि सचिवालय सँग सोधपुछ नगरी जनमानसमा भ्रम फैलाउने उद्देश्य राखी 'गम्भीर स्वास्थ्य समस्या उत्पन्न भएपछि उपचारका लागि सिंगापुर उडेको' भन्ने जस्ता गैरजिम्मेवार विषयवस्तु सस्तो खपतका लागि पस्केको पाईएको छ । संचार माध्यममा आएजस्तो नगर प्रमुखज्यूलाई कुनै प्रकारको गम्भिर स्वास्थ्य समस्या नरहेको जानकारी गराउँदछौँ ।'

यस्तै प्रमुख सिंहको व्यक्तिगत भ्रमणमा जानु भएकाले यो भ्रमणको पालिकासँग कुनै सरकोकार नरहेको पनि विज्ञप्तीमा स्पष्ट पारिएको छ ।

प्रमुख र प्रमुखको सचिवालयसँग कुनै जानकारी नै नलिई बन्द कोठामा बसेर, काल्पनिक विषयवस्तु तयार पारि कसलाई कसरी बदनाम गर्ने भन्ने धन्दा चलाइरहेकाहरुबाट सचेत रहन पनि सबै नगरवासीहरुमा विज्ञप्ती मार्फत आग्रह गरिएको छ ।

# सुनको सिक्री लुटपाट गर्ने तीन जना पक्राउ

**काठमाडौँ ।**
काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले भक्तपुरको मध्यपुर थिमी नगरपालिका–१ बस्ने ५० वर्षीया कमला गौतमको एक तोलाको सुनको सिक्री लुटपाटमा संलग्न रहेको अभियोगमा तीनजनालाई पक्राउ गरी आज सार्वजनिक गरेको छ । पक्राउ पर्नेमा काभ्रेपलाञ्चोक तेमाल गाउँपालिका–९ घर भई बनेपा बस्ने ३८ वर्षीय अनिलकुमार तामाङ, काभ्रेपलाञ्चोक नमोबुद्ध नगरपालिका–५ घर भई ललितपुर ग्वार्को बस्ने ३४ वर्षीय गणेश लामा र काभ्रेपलाञ्चोकको बेथानचोक गाउँपालिका–६ घर भई काठमाडौँ गौशाला बस्ने ३१ वर्षीय सुरेश तामाङ रहेका काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयका सूचना अधिकारी एवं प्रहरी उपरीक्षक काजीकुमार आचार्यले जानकारी दिए ।

उनले भने, 'कमला गौतमले घाँटीमा लगाएको एक तोलाको सुनको सिक्री गत साउन २१ गते बिहान लोकन्थलीको बस स्टपमा अपरिचित व्यक्तिले लुटपाट गरी फरार भएको घटनाको अनुसन्धानका क्रममा हाम्रो टोली र अपराध शाखा ठिमी भक्तपुरबाट खटिएको प्रहरीले निज तीनजनालाई भक्तपुरको कौशलटारबाट पक्राउ गरेको हो ।'

पक्राउ परेका अनिलकुमारमाथि यसअघि विसं २०७१ जेठ १ गते प्रहरी वृत्त गौशालाबाट, गणेशमाथि प्रहरी वृत्त नयाँ बानेश्वरबाट तीनपटक र सुरेशमाथि प्रहरी वृत्त बौद्धबाट एकपटक तथा प्रहरी वृत्त गौशालाबाट तीनपटक अभद्र व्यवहार मुद्दा चलेको खुल्न आएको सूचना अधिकारी आचार्यले बताए । पक्राउ परेकाहरुलाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि प्रहरी वृत्त ठिमी, भक्तपुर पठाइएको उपत्यका अपराध अनुसन्धान कार्यालयले जनाएको छ । रासस

# स्वास्थ्य बीमाको सुविधा थैली कार्यान्वयनमा




**काठमाडौँ ।**
स्वास्थ्य बीमा बोर्डले स्वास्थ्य बीमा कार्यक्रमअन्तर्गत उपलब्ध गराइने सुविधा थैलीअन्तर्गतका सेवाको परिमार्जित विवरण र दर कार्यान्वयन गरेको छ । स्वास्थ्य बीमा कार्यक्रमअन्तर्गत उपलब्ध गराइने सुविधा थैलीअन्तर्गतका सेवासुविधा लागू गरिएको बोर्डका जनस्वास्थ्य अधिकृत विकेश मल्लले जानकारी दिए । बोर्डले परिमार्जन गरिएको सुविधा थैली गत साउन १ गतेदेखि लागू गर्ने भने पनि तयारी नपुगेको कारणले भदौदेखि लागू गरिएको हो ।

बोर्डले विज्ञहरुको सुझावअनुसार र बजारको अवस्थालाई हेरेर सुविधा थैलीको सेवासुविधाको नयाँ दररेट कायम गरेको छ । नयाँ सुविधा थैलीमा स्वास्थ्य बीमाअन्तर्गत एक हजार दुई सय ९० प्रकारका औषधि छन् । अस्पताल टिकट ५० रुपैयाँ तोकिएको छ । शय्याको प्रतिदिन दुई सय ५० रुपैयाँ राखिएको छ । यसअघि साधारण शय्याको दुई सय रुपैयाँ थियो ।

स्वास्थ्य बीमा कार्यक्रममाअन्तर्गत पाँचजना परिवारसम्मका लागि तीन हजार पाँच सय रुपैयाँ बराबरको योगदानका आधारमा रु एक लाखसम्मको स्वास्थ्य सेवासुविधा उपलब्ध गराइन्छ । यस्तै, थप प्रतिसदस्य सात सय रुपैयाँका दरले योगदान रकम थपिँदै जाने र प्रतिसदस्य २० हजार रुपैयाँ बराबरको सेवासुविधा थपिने प्रावधान छ । स्वास्थ्य बीमा कार्यक्रमको अधिकतम सेवा सुविधाको सीमा दुई लाख रुपैयाँसम्म तोकिएको छ । बीमा कार्यक्रममा कूल बीमित परिवार संख्या २३ लाख ९२ हजार ६ सय ७६ जना र कूल बीमित जनसंख्या ७७ लाख ४१ हजार चार सय ८३ जना रहेको छ । रासस

# 'मधेश सरकार पनि...

छन्,' साहले भने ।

भ्रष्टाचारबाहेक मधेश सरकारले कुनै कामै नगरेको बताउँदै उनले जनता ढाँटने, लुट्ने, ठग्ने पेशा नै बनेको बताए ।

कुनै पनि सरकारको काम देश र जनताका लागि विकास, समृद्धिजस्तो राम्रो काम गर्नु भए पनि मधेश सरकारले हरेक योजनामा लुट मच्चाएको उनले बताए । उनले मधेशलाई समृद्ध बनाउने अनेक सम्भावना रहेको बताए । तर त्यसलाई सदुपयोग गर्नुको साटो लुटको व्यापारमा मधेशवादी दलका नेताहरु लागेको आरोप उनले लगाए । 'मधेश प्रदेशलाई देशको मोडेल प्रदेश बन्ने सम्पूर्ण सम्भावना हुँदाहुँदै भ्रष्ट नेताका कारण नेता नै बदनाम भएका छन्,' साहले भने ।

भ्रष्ट नेताको अन्त्य र आमजनताको शासनव्यवस्थामा सहभागिताका लागि तेस्रो जनआन्दोलनको विकल्प नभएको बताउँदै उनले दलाल दलतन्त्रविरुद्ध जनआन्दोलनको तयारीमा जुट्न आह्वान गरे । लुटेरा र भ्रष्ट नेताको अन्त्य हुनै पर्ने बताउँदै उनले देश लुटने नेतालाई राज्यले कारबाही गर्न नसकेकाले अब जनताले नै जनकारबाही गनुपर्ने बताए ।

'भ्रष्ट नेता मालामाल भएका छन्, आमजनता लाचार छन् । काण्डैकाण्डले देश बदनाम छ । युवा विदेशमा मर्नुपर्ने स्थिति अन्त्यका लागि तेस्रो जनआन्दोलनको विकल्प छैन,' साहले भने, 'भ्रष्टाचारी अहिले सम्मानित भइरहेका छन् तर स्वाभिमानी युवा अपमानित हुनुपर्ने, विदेशमा मर्नुपर्ने अवस्था अन्त्य हुनैपर्छ । राज्यले नै भ्रष्टाचारीलाई जोगाउने सम्मान गर्ने कामले देश कंगाल बन्दै गइरहेको छ । आमजनताको शासनव्यवस्थामा सहभागिताका लागि युवा उठनैपर्छ ।'

आजपाका स्थानीय नेता गणेश रामको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष अशोक लामा, महासचिव त्रिभुवन साह, सचिव उमेश कुशवाहालगायतको सहभागिता थियो ।

# 'नयाँ प्रहरी कानून...

सहमतिपछि संसदमा पेस हुने गृहमन्त्री लेखकले बताए ।

मुलुकमा राजनीतिक स्थायित्व, दिगो विकास, सुशासन प्रवद्र्धन तथा आर्थिक समृद्धि हासिल गर्ने लक्ष्यका साथ वर्तमान सरकार गठन भएको बताउँदै ती लक्ष्य पूरा गर्न राज्यका सबै संयन्त्रका साथै समाजका हरेक वर्गको सहयोग अपरिहार्य भएको बताए । उनले वर्तमान सरकारका विकासका प्राथमिकताबारे जानकारी दिँदै निकट भविष्यमै नेपाल प्रहरीको संगठनात्मक संरचना सुधारसम्बन्धी कानून जारी हुने बताए ।

उनले भने, 'मुलुकमा सरकारको स्थिरता, राजनीतिक स्थिरता र अर्थतन्त्र क्रियाशील बनाउन, आर्थिक गतिविधि बढाउन र संघीय लोकतान्त्रिक, गणतन्त्रात्मक व्यवस्था र समावेशितालाई थप सुदृढ र कार्यान्वयन गर्ने उद्देश्य साथ नयाँ समीकरण सरकार बनेको हो, त्यसकारण मुलुकमा शान्तिव्यवस्था र विधिको शासन कायम हुन्छ । सरकार चलायमान र गतिशील हुन्छ, आर्थिक समृद्धि पनि हुन्छ ।'

शुक्रबार बिहान गृहमन्त्री लेखकले जिल्ला प्रशासन कार्यालय धनुषाको भवन शिलान्यास गर्ने कार्यक्रम र जिल्ला सुरक्षा समितिका पदाधिकारीसँग छलफल एवम् अन्तरक्रिया कार्यक्रम रहेको छ ।

# वीरगंज नाकाबाट साढे दुई अर्ब बढीको सामान निर्यात

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज स्थित एकिकृत तथा आइसिपी भन्सार नाका हुदै चालु आर्थिक वर्ष २०८१–८२ को साउनमा भारत तथा तेश्रो मुलुकतर्फ दुई अर्ब ४२ करोड ८४ लाख ३५ हजार रुपैयाँ मूल्य बराबरको नेपाली उत्पादन निर्यात भएको छ । वीरगंज नाका हुदै भारत, डेनमार्क, अष्ट्रेलिया, अमेरिका, चीन, रुस, फिलिपिन्स, थाईल्याण्डलगायतका मुलुकहरुमा तेल, जुस, कपडा जुत्ता, फलामे पाता लगायतका नेपाली उत्पादन तथा जडीबुटी निर्यात भएको वीरगंज स्थित आइसिपी भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक डिलाराम पन्थीले जानकारी दिए ।



आइसिपी भन्सार नाकाहुदै आर्थिक वर्ष २०८१–८२ साउन महिनामा ४८ करोड नौ हजार रुपैयाँ मूल्य बराबरको फलफूलको जुस तथा जाम भारत निर्यात भएको छ । सो अवधिमा ३७ करोड ३९ लाख ९१ हजार रुपैयाँ मूल्य बराबरको फलामे पाता निर्यात भएको छ । त्यसैगरी एक महिनाको अवधिमा ३२ करोड ९४ लाख ५२ हजार रुपैयाँ मूल्य बराबरको पिना, १६ करोड २२ लाख ६० हजार रुपैयाँ मूल्य बराबरको जमोठ कपडा निर्यात भएको वीरगंज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक पन्थीले बताए ।

त्यसैगरी आर्थिक वर्ष २०८१–८२ को पहिलो महिनामा १५ करोड ८२ लाख २ हजार रुपैयाँ मूल्य बराबरको बत्तीसा, त्रिफला, कबाजहरु, च्यवनप्रासलगायतका डावर नेपालका उत्पादनहरु भारत निर्यात भएको छ भने १२ करोड ४१ लाख १४ हजार रुपैयाँ मूल्य बराबरको लोडर स्क्याभेटर, ११ करोड ५७ लाख ७ हजार मुल्य बराबरको सेन्थेटिक यार्न, ११ करोड ३८ लाख ८८ हजार रुपैयाँ मूल्य बराबरको एम.एस.स्टील स्ट्रीप भारत निर्यात भएको छ ।

वीरगंज भन्सार नाकाबाट ९ करोड ६० लाख ४६ हजार रुपैयाँ मूल्य बराबरको उनी गलैचा, ७ करोड ६० लाख १० हजार रुपैयाँ बराबरको मनोरञ्जनका सामान, ७ करोड ८ लाख एक हजार रुपैयाँ बराबरको कुकुर वा विरालोको खाना, ५ करोड ९४ लाख ४ हजार रुपैयाँ बराबरको स्पोर्ट सुज, ५ करोड ५८ लाख ८१ हजार रुपैयाँ बराबरको दन्तमन्जन, ५ करोड १५ लाख ७५ हजार रुपैयाँ बराबरको रेसाको कपडा, ३ करोड ७६ लाख ४१ हजार मुल्य बराबरको आयुर्वेदीक औषधी निर्यात भएको भन्सार कार्यालयको तथ्यांकले देखाएको छ ।

त्यसैगरी, तीन करोड ७० लाख ६८ हजार रुपैयाँ बराबरको स्टीलका भाडाकुडा र आठ करोड भन्दा बढीको सि.आर.सीट, जीआई.पाईप, तयारीकपडा, र पोशाकका नमूना भारत तथा तेश्रो मुलुक निर्यात भएको वीरगंज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक डिलाराम पन्थीले बताए ।

# मुख्य नाला खोलेपछि डुबान नियन्त्रण



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाले बर्षायाम अगावै वीरगंजको मुख्य नाला खोलेसँगै यस वर्ष वर्षायाममा आदर्शनगरमा हुने गरेको डुबान नियन्त्रणमा आएको छ । विगतका वर्षहरुमा वीरगंजको सिर्सिया नदीमा आएको बाढी ओभरफ्लो भई आदर्शनगर तथा बजार क्षेत्रमा पस्दा वीरगंजमा डुवान हुने गरेको थियो ।

यसपाली एसियाली विकास बैंकको सहयोगमा निर्माण गरिएको वीरगंजको मुख्य नालामा अतिक्रमण गरी बनाइएका घर, क्याम्पस, होटललगायतका संरचना हटाएर नालाको जाम खुलाएपछि सिर्सिया नदीको बजार पस्ने बाढी मुख्यनालामा पसेसँगै आदर्शनगरमा हुने गरेको डुबान यस पटक वर्षायाममा नभएको ग्रिन सिटी सामुदायिक केन्द्र आदर्शनगरका अध्यक्ष जय प्रकाश खेतानले बताए । मुख्य नाला अतिक्रमण गरी बनाइएका संरचना हटाउँदा महानगरपालिकाको आलोचना भए पनि अहिले बर्षायाममा नालाको बहाव नरोकिदा बजार क्षेत्र डुबानबाट बचेको खेतानको भनाइ छ ।

केही दिन अघि पनि रातको समयमा ठूलो पानी परेको र पर्साको ग्रामिण क्षेत्रमा अविरल बर्षाको कारण सिर्सिया नदीमा बाढी आएको थियो । सिर्सिया नदीको बाढी बजार क्षेत्र प्रवेश नगरी नालामा ओभरफ्लो भएर बग्न थालेपछि बजार क्षेत्र डुवान हुनबाट बचेको खेतानले बताए । बर्षायाममा बर्सेनि वीरगंजको आदर्शनगर क्षेत्रमा रहेका एक सय भन्दा बढी पसल, गोदाम तथा ट्रान्सपोर्टहरुमा डुबान हुँदा लाखौंको क्षति हुदै आएको थियो ।

बजार क्षेत्रको पानी केही क्षणमै बगेर जाने र यसले खासै ठूलो नोक्सानी नपुर्याउने गरेको भए पनि यता सिर्सिया नदीबाट बजार पसेको बाढीले भने लामो समयसम्म डुवान हुने गरेको स्थानीयहरुको भनाइ छ ।

# पर्साका सरकारी कार्यालयको खर्च ५२ प्रतिशत

**वीरगंज ।**
मधेश–प्रदेश सरकार मातहतका पर्साका सरकारी कार्यालयले गत आर्थिक वर्ष २०८०–८१ मा विनियोजित बजेटको ५२ दशमलव ३४ प्रतिशत खर्च गरेका छन् । मधेश प्रदेश सरकारले गत आवमा प्रदेश सरकार मातहतका १६ वटा सरकारी कार्यालय र १४ वटा स्थानीय तहका लागि चार अर्ब ५१ करोड ४३ लाख ९५ हजार नौ सय ३८ रुपैयाँ विनियोजन गरेको थियो ।




तर, सरकारी कार्यालयले कुल विनियोजित बजेटमध्ये दुई अर्ब ३६ करोड २६ लाख २९ हजार तीन सय ७६ रुपैयाँ मात्र खर्च गरेका छन् । पर्साका सरकारी कार्यालयले गत आवमा विनियोजित बजेटको ६३ दशमलव ४३ प्रतिशत अर्थात ७६ करोड ९५ लाख ८२ हजार चार सय दुई रुपैयाँ चालु खर्च गरेका छन् ।

पर्साका सरकारी कार्यालयले गत आवमा विनियोजित पुँजीगत खर्चको ४८ दशमलव २६ प्रतिशत अर्थात एक अर्ब ५९ करोड ३० लाख ४६ हजार नौ सय ७४ रुपैयाँ खर्च गरेका छन् । प्रदेश लेखा इकाई कार्यालय वीरगंजका प्रदेश कोष नियन्त्रक श्यामउदय ठाकुरले गत आवमा प्रदेश मातहत पर्साका सरकारी कार्यालयले विनियोजित बजेटको ५२ दशमलव ३४ प्रतिशत मात्रै खर्च गरेको बताए । 'मधेश प्रदेश मातहतका सरकारी कार्यालयले समयमै बजेट खर्च नगर्ने कारण अपेक्षाकृत पुँजीगत खर्च नभएको हो,' उनले भने, 'खर्च गर्दा पनि असार महिनामा मात्रै अत्यधिक खर्च गर्ने परिपाटीले समस्या ल्याएको हो । मलेपको फारम नम्बर अनुसारको खर्च नगर्ने प्रवृत्ति छ ।'

कोष नियन्त्रक ठाकुरले बजेट खर्च गर्न समयमै कार्यादेश र बोलपत्र आह्वान प्रक्रिया अघि नबढाउँदा समयमा खर्च नहुने समस्या देखिएको धारणा राखे । पर्सामा मधेश प्रदेश मातहतका सरकारी कार्यालय १६ वटा र १४ स्थानीय तह छन् । मधेश प्रदेश सरकारले गत आवमा पर्सा जिल्ला मातहतका १४ स्थानीय तहलाई २४ करोड ७३ लाख पाँच हजार रुपैयाँ बजेट विनियोजन गरेको थियो । सबै स्थानीय तहले सो अवधिमा कूल विनियोजित बजेटको ७३ दशमलव ०४ प्रतिशत अर्थात १८ करोड ६ लाख २२ हजार दुई सय ५० रुपैयाँ खर्च गरेका छन् ।

प्रदेश लेखा इकाइ कार्यालय वीरगञ्जका अनुसार गत आवमा प्रदेश मातहतका सरकारी कार्यालयले एक अर्ब ६५ करोड ६४ लाख ८१ हजार छ सय ४३ रुपैयाँ राजस्व सङ्कलन गरेको छ । यो राजस्व रकममध्ये यातायात व्यवस्था कार्यालय वीरगंजको हिस्सा एक अर्ब ५२ करोड रुपैयाँ रहेको छ । बाँकी राजस्व अन्य कार्यालयको हो । रासस

# प्रशासनको अनुमतिविना नाचगान गर्न रोक

**मधेशदृष्टि**
**रौतहट ।**
चाडपर्वको अवसरमा प्रशासनको अनुमतिविना नाचगान गर्न जिल्ला प्रहरी कार्यालय रौतहटले रोक लगाएको छ ।

जिल्ला प्रहरी रौतहटको प्रवक्ता डिएसपी एलिजा गिरीले बिहीबार प्रेस विज्ञप्ती जारी गर्दै नाचगानमा रोक लगाएकी हुन् ।

अधिकार प्राप्त आधिकारीक/निकायको अनुमतिविना विभिन्न चाडपर्वको नाममा गाउँगाउँमा दिन र रातको समयमा अश्लीलता झल्किने किसिमका भोजपुरी गीत गाउने, लवण्डा नचाउने, आर्केस्टा नचाउने, मनोरञ्जनको नाममा जुवा जेल्ने/खेलाउने जस्ता कारण विभिन्न ठाउँमा एक आपसमा झैझगडा तथा कुटपिट गर्ने, ढुङ्गामुढा गर्ने, विभिन्न मानिसको धन सम्पत्ति क्षति हुन गएको कारण यस प्रकारको निर्णय लिइएको प्रवक्ता गिरीले बताइन् ।

धार्मिक, सांस्कृतिक, राजनैतिक आदि कुनै किसिमको नाचगान हुने वा भिडभाडजस्ता कार्यक्रम गर्दा अनिवार्य रूपमा कार्यक्रम गर्ने आयोजक पक्षले कार्यक्रम सञ्चालक समिति गठन गरी के–कस्तो कार्यक्रम गर्ने, कुन समयमा गर्ने, कुन स्थानमा गर्ने, सहभागी संख्या कति गर्ने लगायतका विषयवस्तु खुलाई जिल्ला प्रशासन कार्यालय र सम्बन्धित निकायबाट अनुमति लिई सम्बन्धित निकायबाट तोकिए अनुसार कार्यक्रम गर्न र गराउन जिल्ला प्रहरी कार्यालय रौतहटले सूचित गराएको छ । तोकिएको भन्दा फरक किसिमको कार्यक्रम वा गतिविधि गरेको पाइएमा सोको जिम्मेवार आयोजक पक्ष नै हुने डिएसपी गिरीद्वारा जारी प्रेस विज्ञप्तीमा भनिएको छ ।

# एक करोड बढीको सामानसहित ३ ट्रक नियन्त्रणमा



**मधेशदृष्टि**
**वीरगंज ।**
जिल्ला प्रहरी कार्यालय बाराले ठूलो मात्रामा अवैध रूपमा ल्याइएका सामानसहित तीन वटा ट्रक नियन्त्रणमा लिएको छ । विशेष सूचनाको आधारमा प्रहरीले अवैध रुपमा भनसार छलेर ल्याइएका सामानसहित तीन वटा ट्रक नियन्त्रणमा लिएको हो ।

जिल्ला प्रहरी कार्यालय बारा र इलाका प्रहरी कार्यालय जीतपुरबाट खटिएको संयुक्त प्रहरी टोलीले वीरगंजबाट पथलैयातर्फ जाँदै गरेका तीन वटा ट्रकलाई रोकी चेकजाँच गर्ने क्रममा बिल बिजकभन्दा फरक सामान भेटाएकाले नियन्त्रणमा लिएको जनाइएको छ ।

जीतपुर सिमरा उपमहानगरपालिका वडा नम्बर ७ मा बुधबार राति रोकि राखेको ना ४ ख ८८७५ नम्बरको ट्रकबाट किराना सामान, नरिवललगायत हार्डवेयरका तथा अन्य खुद्रा समानहरू बरामद गरिएको बाराका प्रवक्ता प्रहरी नायव उपरीक्षक प्रकाश सापकोटाले जानकारी दिए । ट्रकमा ३३ लाख ३२ हजार दुई सय २६ रुपैयाँ बराबरको सामान रहेको जनाइएको छ ।

त्यसैगरी, बुधबार राति नै वीरगंजबाट पथलैयातर्फ जाँदै गरेको ना ७ ख ५९२६ नम्बरको ट्रकमा लोड गरिएको लेडिज सुट, ग्लास प्रेम समिति, वाटरप्रुफ ग्लुलगायतका सामग्रीसहित ट्रक नियन्त्रणमा लिएको र सो ट्रकको २८ लाख ९५ हजार ७१३ रुपैयाँ मूल्यांकन गरिएको प्रहरीले जनाएको छ । बुधबार राति नै बाराको जितपुर सिमरा उपमहानगरपालिका वडा नम्बर १ पथलैया चौकबाट प्रहरीले वीरगंजबाट काठमाडौतर्फ जाँदै गरेको ना ३ ख ७३४२ नम्बरको ट्रक नियन्त्रणमा लिएको थियो । सो ट्रकबाट कपडा, ग्लास, फोटो पिक्चर, लेडिज सुट, रिबन, पूजा सामग्रीलगायतका खुद्रा तथा किराना सामान बरामद गरिएको सापकोटाले जानकारी दिए ।

उनका अनुसार उक्त ट्रकमा करिब ६६ लाख ९० हजार १३१ रुपैयाँ बराबरको सामान फेला परेको छ । तीन वटै ट्रकबाट एक करोड २९ लाख रुपैयाँ बराबरको सामान बरामद भएसँगै थप कारवाहीका लागि आन्तरिक राजस्व कार्यालय पथलैया बारामा बुझाइएको प्रहरी नायब उपरीक्षक सापकोटाले बताए ।

# सुडी समाज सिरहाको अध्यक्षमा साह



**मिश्रीलाल मधुकर**
**जनकपुरधाम ।**
नेपाल सुडी कल्याण समाज सिरहाको अध्यक्षमा शत्रुधन साह नियुक्त भएका छन् । त्यस्तै उपाध्यक्षमा चन्द्रदीप महतो, सत्यनारायण पञ्जियार, महेश सुडी, निर्मला साहु, महासचिवमा विजयकुमार महतो, सचिवमा राजकुमार पूर्वे, कोषाध्यक्षमा सन्तोष महतो, सहकोषाध्यक्षमा सुनिता साह मनोनित भएका छन् ।

३१ सदस्यीय कार्यसमितिमा राजेन्द्र साह, बलराम साह, राजेन्द्रप्रसाद साह, रीता कुमारी साह, प्रमिलादेवी साह, राजेन्द्रप्रसाद साह, दीपनारायण पुर्वे, रामवली महतो, अनुराधा महतो, धनिकलाल महतो, सविता महासेठ, शंकरप्रसाद खर्गा महेश साह, कामेश्वर नायक, रञ्जु नायक, मोतीलाल साह, प्रकाश महासेठ, मीना चौधरी, नगेन्द्र साह, सुजितकुमार साह, बेचन साह र ललन साह मनोनयन भएका छन् ।

सिरहामा भएको दोस्रो सत्रमा नेपालका चर्चित उद्योगपति उपेन्द्र महतोको पनि सहभागिता रहेको थियो ।

# फरार अभियुक्त पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा प्रहरीले ज्यानसम्बन्धी कसुर तथा डाँका मुद्दामा फरार एक जना अभियुक्तलाई पक्राउ गरेको छ । जिल्ला अदालत पर्साबाट ज्यानसम्बन्धी कसुर तथा डाँका मुद्दामा दोषी करार भई फरार रहेका एक जना अभियुक्तलाई पक्राउ गरेको हो । पक्राउ पर्नेमा वीरगंज महानगरपालिका वडा नम्बर ११ श्रीपुर निवासी कृष्ण साह तेली रहेको प्रहरीले जनाएको छ ।

उनलाई बिहीबार वीरगंजको मुर्ली चोकस्थित सडकखण्डबाट पक्राउ गरी अदालतमा बुझाइएको जिल्ला प्रहरी कार्यालय पर्साका डिएसपी एवं प्रवक्ता दिपक भारतीले जानकारी दिए । पर्सा प्रहरीले जिल्ला अदालतबाट विभन्नि समयमा भएका फैसला कार्यान्वयन गर्ने सिलसिलामा खटिएका प्रहरी टोलीले तेलीलाई पक्राउ गरी अदालतमा बुझाएको भारतीले बताए ।

# महोत्तरीमा एक महिलाको शंकास्पद मृत्यु

**मधेशदृष्टि**
**महोत्तरी ।**
महोत्तरीमा एक जना महिलाको शंकास्पद मृत्यु भएको छ । मृत्यु हुनेमा महोत्तरीको जलेश्वर नगरपालिका वडा नम्बर ८ रमौलकी २० वर्षीया रिना देवी राय रहेको प्रहरीले जनाएको छ । मंगलबार राति भएको उनको मृत्युलाई माइतपक्षले दाइजोको निहुमा पति रोहनकुमार राउतसहित ससुरा पक्षले हत्या गरेको दाबी गरेका छन् ।

रिना मंगलबार मात्रै माइतबाट ससुरा फर्किएकी थिइन् । माइत पक्षले रिनाको मुखबाट रगत बगेको जस्तो र घाँटीमा निलडाम जस्तो देखिएकोले छोरीको हत्या भएको दाबी गरेको छ ।

तर, घरपरिवारले अचानक बिरामी भएर मृत्यु भएको जानकारी प्रहरी र माइत पक्षलाई दिएको थियो । प्रहरी पुग्दा घरको बरण्डामा रिनाको शव फेला परेको महोत्तरीका प्रहरी प्रवक्ता डिएसपी सन्तुलाल जयसवारले बताए । डिएसपी जयसवारका अनुसार पति रोहनले राति खाना खाएर सँगै सुतेको, अचानक बिरामी हुँदा प्रादेशिक अस्पताल जलेश्वर उपचारको लागि लगेको र त्यहाँ मृत्यु भएपछि शव घर ल्याएको प्रहरीलाई बयान दिएका छन् । मृतक रिनाको शव परीक्षणको लागि प्रादेशिक अस्पताल जनकपुरमा राखिएको छ ।

## सम्पादकीय

# ज्ञान उत्पादन विश्वविद्यालयमा त्रास

विश्वविद्यालयलाई ज्ञान उत्पादनको क्षेत्रका रुपमा लिइन्छ । त्यसका लागि विश्वविद्यालयमा हुनुपर्ने अध्यायन र अध्यापन हो । तर, देशकै सबैभन्दा पुरानो विश्वविद्यालय त्रिभुवन विश्वविद्यालयलाई नियाल्दा यहाँ अध्यायन र अध्यापनबाहेक सबै हुन्छ झैं लाग्छ । त्रिभुवन विश्वविद्यालयको विगतलाई नियाल्दा यहाँ शैक्षिक क्रियाकलाप कम र राजनीति बढी हाबी भइरहेको छ । हुन त राजनीतिको जन्मथलो नै विश्वविद्यालय बनाएका राजनीतिक दलहरुकै कारण अहिलेको हविगत आइलागेको भन्ने कुरामा नै सन्देह छैन । विश्वविद्यालयमा विद्यार्थी मात्र होइन प्राध्यापकदेखि कर्मचारीसम्मले राजनीति गर्दै आइरहेको तथ्य सत्य हो । त्यसैले पनि राजनीतिक दलहरुकै हस्तक्षेपले गर्दा विश्वविद्यालयमा एउटा सक्षम नेतृत्व पाउन मुश्किल पर्छ ।

दलीय संगठनहरुले आक्रान्त बनाएको विश्वविद्यालय दलीय संस्था जस्तो बन्नुपरेको छ । हरेक पटक त्रिभुवन विश्वविद्यालयको भिसीदेखि प्राध्यापकसम्मको नियुक्त दलीय भागबण्डाबाट टुंगिने गरेको तितो यथार्थ सार्वजनिक जानकारीमा आएकै विषय हो । अहिले त्रिवीमा देखिएको विवाद पनि यसैको पृष्ठभूमि आइलागेको छ, त्रिवीका पदाधिकारीमा त्रास फैलिएको छ ।

त्रिवीमा देखिएको उक्त त्रासको अवस्थाबारे सामाजिक सञ्जाल विभिन्न खालका टिकाटिप्पणी आइरहेका छन् । उक्त विषयले प्रतिनिधिसभा र राष्ट्रियसभामा समेत प्रवेश पाएको छ । त्रिवीमा सुरक्षा प्रदान गर्न सरकारसँग सांसदहरुले माग मात्र राखेका छैनन्, यस्तो अवस्था कसरी आयो त्यसको दीर्घकालीन हल खोज्न सरकारलाई सुझाएका छन् । त्रिवीका पदाधिकारी तथा प्राध्यापकले आफूमाथि सांघातिक हमलाको धम्की आइरहेको भन्दै सरकारसँग सुरक्षाको मागसमेत गर्नुपर्ने अवस्था आएपछि संसदमार्फत सरकारको ध्यानार्षण गराइएको हो । विवादको सुरुवात त्रिभुवन विश्वविद्यालयको समाजशास्त्र केन्द्रीय विभाग प्रमुखको नियुक्तको विषयलाई लिएर भएको हो । सोही कारणको विवादले गर्दा आफूमाथि असुरक्षा बढेको भन्दै त्रिभुवन विश्वविद्यालयका उपकुलपति, रेक्टर र रजिस्टारले सरकारसँग सुरक्षाको माग गरेका हुन् । त्रिभुवन विश्वविद्यालयका पदाधिकारीले सुरक्षाको माग गरेको विषय स्वयंम शिक्षामन्त्री विद्या भट्टराईले नै सार्वजनिक गरिन् । उनले गृहमन्त्रीसँग त्रिवीमा सुरक्षाको बन्दोबस्तो मिलाउन सार्वजनिक अपिल गर्नुपरेको उल्लेख गरिन् । यसबाट पनि त्रिवीको सुरक्षा अवस्था कति गम्भीर छ भन्ने देखाएको छ । साथै यसमा सरकारले पनि समन्वयन गर्न नसकेको कुरा झल्किन्छ । त्रिवीमा अशान्ति फैलाउनेलाई सरकारमै भएका व्यक्तिहरुबाटै संरक्षण त भइरहेको छैन ? साथमा शिक्षामन्त्रीको सार्वजनिक अपिलले आशंका पनि उब्जाएको छ ।

राजनीतिक संरक्षणका आडमा त्रिवीका प्राध्यापक र पदाधिकारीलाई धम्की दिनु र विश्वविद्यालयमा गुडा राज चलाउनु कदापी स्वीकार्य छैन । ज्ञान उत्पादनको थलो विश्वविद्यालयमा त्रास सिर्जना गर्ने जुनसुकै तत्वलाई कानुनी कारबाहीको दायरामा ल्याउन सरकारले अबिलम्ब कदम चाल्न जरुरी छ । साथै आगामी दिनमा पनि राजनीतिक दलहरुले विश्वविद्यालयलाई कार्यकर्ता तयार पार्ने थलोका रुपमा अभ्यास गर्ने परिपाटीको अन्त्य गर्नुपर्छ । देशका लागि दक्ष र योग्य जनशक्ति उत्पादन गर्नुपर्ने थलो राजनीतिको दलदलमा फसेर अल्झिन मिल्दैन । यस्ता विषयहरुमा विभिन्न राजनीतिक दल र सरकारले समयमै हल खोज्नु नै बुद्धिमानीपूर्ण हुनेछ ।

# ‘जलवायु परिवर्तनको असरस्वरुप सोलुखुम्बुको हिमताल फुट्यो’



अनिल पोखरेल

**काठमाडौं।**
सोलुखुम्बुको खुम्बु पासाङल्हामु गाउँपालिका–५ मा पर्छ थामे बजार । सर्वोच्च शिखर सगरमाथा क्षेत्रमा पदयात्रा जानेहरु थामेमा बास बस्ने गर्थे । तर २०८१ साउन ३२ गते शुक्रबार दिउँसो करिब १ बजे ठूल्ठूला ढुङ्गा र गेग्रानसहितको भीषण बाढीले हेर्दाहेर्दै रमणीय थामे बजारलाई ढुङ्गे बगरमा परिणात ग¥यो । अकस्मात आएको बाढीले पर्यटकीय गाउँ थामे बजारका १३ वटा घर पूर्ण रुपमा र १० वटामा आंशिक क्षति भएको छ । एउटा विद्यालय, एउटा स्वास्थ्यचौकी पनि बगायो । उक्त दिन पानी खासै परेको थिएन र पनि लेदोसहितको यति ठूलो बाढी र गेग्रान कसरी आयो भन्ने सबैमा ठूलो प्रश्न थियो।

शनिबार बिहान रक्षामन्त्री मानवीर राईको नेतृत्वमा हामी थामे बजार पुग्यौं । त्यहाँ पुगेर प्रभावित परिवारलाई नगद तथा जिन्सी राहत वितरण गर्नाका साथै स्थलगत अवलोकन र स्थानीयसँग अन्तरक्रिया ग¥यौं । थामे बजारबाट थामे खोलाको मुहानतर्फ लाग्यौं । त्यहाँ पाँचवटा तालहरु देख्यौं। त्यो मध्येको सबैभन्दा माथि रहेको ठूलो तालबाट पानी भरिएर बरफसँगै तल्लो तालमा गएर बजारिए छ । त्यसले ठूलो छाल बनाएर निकासतर्फको भाग भत्काएर बाहिर निस्केछ । यस्तो प्रक्रियालाई हिमताल फुटेको भनिन्छ । उक्त पानीले दायाँबायाँका ढुङ्गा, गेग्रानलाई खोतलेर तल लगेर थामे बजारमा थुपा¥यो।

जल तथा मौसम विज्ञान विभाग, प्राविधिक र विषयविज्ञको सहभागितामा सो घटनाको विस्तृत अनुसन्धान गर्न टोली गठन गरेका छौँ । उक्त टोलीले अध्ययन गरिसकेपछि मात्रै निष्कर्षमा पुग्न सकिन्छ । सामान्यतः घटनास्थलको सरसर्ती अवलोकन गर्दा तापक्रम वृद्धिकै कारणले हिमताल विस्फोट भएको अनुमान गर्न सकिन्छ । अहिले कति तापक्रम वृद्धि भयो, विगतको तापक्रमको घटबढको अवस्था के थियो भन्ने पनि अध्ययन गर्छौं। म आफैंले सो क्षेत्रको स्थलगत अवलोकन गरें। त्यहाँ पातला कपडा लगाउँदा पनि सो उचाइमा आश्चर्यजनक गर्मी महसुस भइरहेको थियो । थामे बजारका स्थानीयसँग अन्तरक्रिया गर्दा पनि उहाँहरुले तीन÷चार दिनदेखि नै कालानिला बादल मडारिरहेको बताउनुभयो । बौद्ध धर्म परम्पराअनुसार उहाँहरुले तालसम्म पुगेर पूजाआजा गर्ने उद्देश्यका साथ तयारी गर्नुभएको रहेछ। उहाँहरुका अनुसार बाढी आउने दिन बिहान सो क्षेत्रमा पानी परेको थिएन। तर त्यस दिन कालो बादल थियो। उहाँहरुले अहिलेसम्म त्यसखालको कालो बादल नदेखेको बताउनुभयो।

मसिनो तर लगातार पानी परिरहेको, हप्पपी गर्मी। पानी र तापक्रम दुवैका कारण पहिलो ताल फुट्यो। ताल फुटेको सुनिश्चित गर्न हामीले हेलिकोप्टरबाट दुई राउण्ड नजिकबाट अवलोकन ग¥यौं। ताल फुट्नु पछाडिको कारण भनेकै तापक्रम ह्वात्त बढ्नु हो ।

त्यो पहिलो पटक फुटेको देखिन्छ । हिमताल पग्लिएपछि माथिल्लो तालबाट हिउँको डल्लासहित तल्लो तालमा बजारिएको अनुमान गर्न सकिन्छ । तल्लो तालको निकासतर्फको भूभाग कमजोर रहेछ । त्यसको भित्र सयौं वर्षदेखिको हिउँको ढिक्का चट्टान रहेको हुनसक्छ। तापक्रम वृद्धि भएपछि त्यो आफैं पग्लिन थालेको अवस्थामा माथिल्लो तालबाट पानी र बरफ बगेर आइसकेपछि त्यसको छालले तल्लो तालको मुख फोड्यो। माथिबाट पानी र बरफ बज्रिएपछि दोस्रो ठूलो तालको पहिल्यै कमजोर भइसकेको मुख फुट्यो। माथिल्लो तालको केहीसहित त्यो पानी ह्वात्तै बग्यो।

माथिल्लो ताल अहिले पनि टिलपिल टिलपिल नै छ। पहिलो तालबाट कति पानी गयो त्यो अहिल्यै भन्न सकिंदैन। रित्तिएको भनेको दोस्रो ताल हो। यसको मुल जड तापक्रम वृद्धि भएर हिमताल पग्लिएर फुटेको हो। सो घटनाको विस्तृत अध्ययन गर्न गठित टोलीले अध्ययन गरेर सो क्षेत्रमा पछिल्ला समय घटबढ भएका तापक्रमको विश्लेषण गरेर निष्कर्ष निकाल्छ । जलवायु परिवर्तनका कारणले हिमाली क्षेत्रमा जोखिम बढ्दो छ भन्ने स्पष्ट भएको छ। थामे बाढीले यसको थप पुष्ट्याइँ गर्छ। जलवायु परिवर्तनकै कारण उक्त घटना भएको हो। किनभने सो क्षेत्रमा कुनै पनि मानवीय गतिविधि छैन । हिमताललाई खल्बल्याउने गरी डोजर चलाउने, रुख काट्ने तथा मानवीय संरचना बनाउने कार्यले सो घटना भएको होइन। मुलतः जलवायु परिवर्तनको असरस्वरुप हिमताल फुटेको निष्कर्षमा पुगेका छौँ। यसलाई पुष्ट्याइँ गर्ने आधार, विगतका वातावरणीय प्रवृत्ति, अहिलेसम्म के भए भन्ने वैज्ञानिक प्रमाण जुटाएर घटनाको कारण पत्ता लगाउँछौं।

ताल फुट्नु अघिको तालको आकार भूउपग्रह (स्याटेलाइट)को नक्साबाट निकाल्ने प्रयास ग¥यौं । तर बादलका कारण निकाल्न सकेनौं। ताल रित्तिसकेपछिको आकार हेरेर पानीको मात्रा निकाल्न सक्छौं। त्यसपछि तालबाट कति पानी बाहिर गयो र त्यसको बहाव कति थियो भन्ने निकाल्छौं। कति पानी कति घन्टासम्म बग्यो भन्ने विषय दूरीका आधारमा पत्ता लाग्छ। पानी नाप्ने विधि छ। त्यो काम बाँकी छ। पानी मात्रै होइन, बाढीसँगै गेग्रान पनि आएको छ । त्यो पनि अध्ययन गर्छौं । स्याटेलाइटको नक्साअनुसार पहिलेको र अहिलेको अवस्था कस्तो छ, पानी, पानीको बहाव र गेग्रानको मात्रा पत्ता लगाउँछौं। गेग्रानमा कस्ता चट्टान थिए भनेर पनि अध्ययन गर्छौं।

यस घटनाले हामीलाई विशिष्ट पाठ सिकाएको छ। हिमाली क्षेत्रमा रहेका साना ताल पनि उत्तिकै जोखिममा रहेछन् । हिमतालको जोखिम प्राथिमिकीकरण गर्ने तरिका नै पुनरावलोकन गर्नुपर्ने रहेछ। यस कामलाई प्राथमिकता दिन्छौं। ठूल्ठूला मात्रै होइन, साना तालले पनि मुख्यगरी बस्तीलाई नोक्सानी पु¥याउन सक्दा रहेछन्। बस्ती एक÷डेढ सय किलोमिटर तल हुँदाहुन् त त्यति क्षति गर्दैनथ्यो होला। साना ताल विस्फोट हुँदा बस्ती, पुल, जलविद्युत् आयोजना, विद्यालय लगायत संरचना नजिकै छ भने क्षति बढी हुन सक्छ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका सहसचिवको नेतृत्वमा जल तथा मौसम विज्ञान विभाग, खानी विभाग, सिँचाइ विभाग र सरोकार भएका निकायका प्रतिनिधि तथा विषयविज्ञ सहभागी हुनुहुन्छ। सो टोलीले यसको वैज्ञानिक आधार र कारण, किन ताल फुट्यो ? र यससँग जलवायु परिवर्तनको सम्बन्ध लगायत बारेमा अध्ययन गर्छ । अर्को टोलीले सोलुखुम्बुको थामे बजारदेखि ओखलढुङ्गासम्म कुनकुन क्षेत्रमा कति नोक्सानी भए भन्ने अध्ययन गर्छ। टोलीले बाढीबाट बस्ती, स्वास्थ्य चौकी, विद्यालय, सडक, पुल, खानेपानी, जलविद्युत् आयोजना र कृषि क्षेत्रमा भएका नोक्सानीको विवरण तयार गर्छ। दुई वटा टोलीको निष्कर्षका आधारमा आगामी दिनमा थामे बजारको पुनःस्थापनाका लागि गर्नुपर्ने तयारी, नफुटेका तीनवटा तालको जोखिमको अवस्था, ती तालको पानी घटाउने सम्भावनालगायत बारेमा निचोडमा पुग्छौं। त्यसपछि मात्रै थामे बजारको त्यहीँ पुनःनिर्माण गर्ने कि स्थानान्तरण गर्ने निर्णय गर्छौं।

सो घटना रातिमा भएको भए ठूलो मानवीय क्षति हुन सक्थ्यो । सबैभन्दा पहिला विद्यालयमा खेलिरहेका बालबालिकाले त्यो पहिरो देख्नु भएछ। सो विद्यालय थामे बजारभन्दा थोरै उत्तरमा छ। उहाँहरुले आफ्ना शिक्षकलाई सुनाउनुभएछ। शिक्षकले विद्यार्थीलाई सुरक्षित स्थानमा लैजानुभएछ। थामे उपत्यका धेरै फराकिलो छैन। नदीको खोँच जस्तो छ। केही परिवार दायाँ पट्टी र केही बायाँ पट्टी हुनुहुँदो रहेछ। इन्टरनेटको राम्रो सुविधा भएको ठाउँ र एकताबद्ध समुदाय रहेछ। बाढी देख्नेबित्तिकै उहाँहरुले सामाजिक सञ्जालका समूह (ग्रुप)मा खबर गर्नुभएछ । अहिले पर्यटकीय सिजन नभएको हुँदा त्यहाँ विदेशी पर्यटक हुनुहुँदो रहेनछ । बेलैमा खबर पाएका कारण उहाँहरु सुरक्षित स्थानमा जान भ्याउनुभएछ।

यो स्तरको घटना अहिलेसम्म व्यहोरिएकै थिएन। २०४२ सालमा डिक्छो हिमताल फुट्यो । त्यतिबेला राज्यको केही तयारी थिएन । सो हिमताल फुटेपछि मात्र नेपालमा मुख्यगरी हिमालय क्षेत्रमा हिमतालको जोखिम बढ्दो छ, यसका प्रभाव बढी हुन सक्छ भनेर नेपाल सरकार, विषयविज्ञ र अन्तर्राष्ट्रिय जगत्को चासो बढ्न थालेको हो। त्यो भन्दा अगाडि पनि थुप्रै पटक हिमताल फुटेका तथ्याङ्क भेटिन्छन्। तर यत्तिको राष्ट्रिय÷अन्तर्राष्ट्रिय चासो बढ्न थालेको डिक्छो हिमताल फुटेपछि नै हो। यसपछि अनवरतरुपमा हिमतालका बारेमा अध्ययन हुन थाले। नेपालमा तीन हजार छ सय २४ वटा हिमताल रहेको विभिन्न अध्ययनले देखाएका छन्। ४७ वटा जोखिमयुक्त र तीमध्ये २० वटा जुनसुकै बेला फुट्न सक्ने अवस्थाका छन् । अहिले फुटेको तालालाई जोखिमयुक्त मानिएको थिएन । जोखिमयुक्त तालका पानी घटाउनुपर्छ भनेर केही काम भएका छन्।

नेपालसँग हिमालय पर्वत क्षेत्रमै हिमतालको जोखिम न्यूनीकरणका काम गरेको विशिष्ट अनुभव छ। हिमतालको जोखिम न्यूनीकरण गर्ने कार्य आफैँमा जोखिमयुक्त र खर्चिलो पनि छ । यद्यपि, प्राधिकरणले जोखिमयुक्त तालको पानी घटाउने तथा पूर्वसूचना प्रणाली जडान गर्ने काम गरिरहेको छ। जलवायु परिवर्तनको दृष्टिकोणबाट हेर्ने हो भने बर्खाका बेलामा हिमतालको जोखिम बढी हुन्छ । मनसुनको समयमा तापक्रम पनि सरदरभन्दा बढी हुन्छ। पानी पनि परिरहेको हुन्छ। बादलले ढाकेको अवस्थामा साधारण स्याटेलाइटबाट सो क्षेत्रको तस्वीर लिन सकिंदैन। अहिले पनि सो क्षेत्रको स्पष्ट स्याटेलाइटको तस्वीर पाउन सकिएको छैन । यसका लागि विशेषखालको स्याटेलाइट क्यामेराको प्रयोग गर्नुपर्छ। यो अत्यन्त खर्चिलो हुन्छ। हिमालय क्षेत्रभर नै वर्षभर अझ मुख्यगरी मनसुनको समयमा ट्र्याक गरिरहनुपर्ने रहेछ। केही हलचल देखिएको अवस्थामा तत्कालै वैज्ञानिकको टोली पठाएर अध्ययन गर्नुपर्ने रहेछ। एक पटक मात्र जोखिम अध्ययन गरेर हुँदैन रहेछ भन्ने निचोडमा पुगेका छौं। हिमतालहरु सामान्यतः हिउँले पुरिएको अवस्थामा सेता हुन्छन् । कि त पानी पग्लेको अवस्थामा कञ्चन निलो देखिन्छ । हिमताल चलायमान र विचलन हुँदा वा हिमपहिरा झरेका ठाउँमा पानी धमिलो देखिन्छ । त्यहाँ तीन वटा तालमा कञ्चन पानी थिए । एउटा फुटेको र माथिको तालको पानी धमिलो देख्यौं। जलवायु परिवर्तनका कारण तापक्रममा वृद्धि भई ग्लेसियर र पर्माफ्रोस्ट पग्लिँदा हिमताल विस्फोट भएर थामे खोलामा बाढी आएको स्पष्टसँग देख्यौं। जलवायु परितर्वनका कारण हिमाली क्षेत्रमा एक प्रकारको सङ्कट उत्पन्न भइसकेको छ । यस्ता खालका सङ्कटले ठूलो मात्रामा क्षति तथा नोक्सानी ह्वात्तै बढेको पाउन थालेका छौं । जोखिमपूर्ण हिमतालको जोखिम अनुगमन तथा पूर्वचेतावनीका प्रणाली जडान गर्ने साथै जोखिम न्यूनीकरणका उपाय कार्यान्वयनको आवश्यकता टड्कारो रुपमा देखिएको छ।

(राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेलले गत साउन ३२ गते सोलुखुम्बुको खुम्बु पासाङल्हामु गाउँपालिका–५ मा हिमताल फुटेर आएको बाढीको कारण र असरबारे बुधबार साँझ सञ्चारकर्मीलाई दिनुभएको जानकारीको सम्पादित अंश) रासस

# अचाक्ली भयो स्वार्थको द्वन्द्व



अपार न्यौपाने

**काठमाडौं।**
नेपालमा स्वार्थको द्वन्द्वका बारेमा सार्वजनिक एवं सरकारी क्षेत्रमा मात्र होइन, कर्पोरेट क्षेत्रमा पनि खासै चर्चा भएको सुनिंदैन। कहिलेकाहीँ स्टन्टबाजीका लागि आफ्ना प्रतिस्पर्धी वा विपक्षीबारे राजनीतिक लाभ लिने उद्धेश्यले क्षणिक टिप्पणी गर्दै स्वार्थको द्वन्द्वका आरोप–प्रत्यारोप गर्ने गरिएको पाइए पनि त्यस्ता आरोपमा छानबिन भएका या आरोपितले स्वार्थको द्वन्द्व महसुस गरी पदत्याग गरेका घटना सायदै होलान्। स्वार्थको द्वन्द्वबारे ऐन कानूनमा पनि कतै उल्लेख्य व्यवस्था भएको पाइँदैन । सिधै स्वार्थको द्वन्द्व देखिने विषयमा सम्बन्धित व्यक्तिले आफ्नो न्यूनतम नैतिकता प्रदर्शन गरी जिम्मेवारीबाट अलग भएकोसमेत पाइँदैन, परिणामस्वरूप विकृति झाँगिंदै छन्। पारदर्शिता र जवाफदेहिता हराउँदै छ।

के हो स्वार्थको द्वन्द्व ?

कोही व्यक्ति कुनै पदमा रहँदा आफू स्वयं, आफ्नो परिवार, नजिकका नातेदार, साझेदार या आफू संलग्न भएको व्यवसाय आदिलाई प्रभाव पार्ने, फाइदा हुने गर्ने या त्यस्तै प्रकृतिका कुनै काम गर्ने अवस्था सिर्जना हुनुलाई स्वार्थको द्वन्द्व भनेर बुझिन्छ । मानिसको वास्तविक जीवनमा स्वार्थको द्वन्द्वका अवस्था आइरहन्छन्। तिनीहरूको प्रकृति, असर र संवेदनशीलता आदि प्रत्येक अवस्थामा फरक–फरक हुन सक्छन्। कुनै सामान्य प्रकृतिका हुन्छन्, जसले देश, समाज र प्रभावितलाई खासै असर गर्दैनन्। कुनै गम्भीर प्रकृतिका हुन्छन्, जसले देश÷समाज या प्रभावितलाई गम्भीर असर पार्छन् । समाजमा विकृति र विसंगति बढाउँछन्।

उच्च तहको पारदर्शिता र जबाफदेहिता अनुसरण गर्ने देश र समाजमा सामान्यतया सम्बन्धित व्यक्तिले उच्च नैतिकता प्रस्तुत गर्दै सामान्य स्वार्थको द्वन्द्व भए त्यसलाई पहिले नै स्वउद्घोष गर्छन् । स्वार्थ बाझ्ने अवस्थामा सो सम्बन्धी निर्णय वा कार्यान्वयन प्रक्रियामा व्यक्ति सहभागी हुँदैनन्।

सो प्रक्रियामा संलग्न अरूलाई प्रभावित गर्ने, निर्देशन दिने, चासो राख्ने या यस्तै प्रकृतिका अन्य हस्तक्षेप गर्दैनन्, गर्न पाइँदैन । विशेष स्वार्थको द्वन्द्व भए कुनै पनि व्यक्ति त्यस्तो पदका लागि अयोग्य हुन्छ र उन÷उसले सो पद स्वीकार गर्न हुँदैन। पदमा बहाल भएको अवस्थामा स्वार्थको द्वन्द्व सिर्जना भए तुरुन्त त्यस्तो पद स्वैच्छिक रूपमा त्याग गरी उच्च नैतिकता प्रदर्शन गर्नुपर्ने हुन्छ।

तर हामीकहाँ पारदर्शिता र जबाफदेहिता स्खलित छ, स्वार्थको द्वन्द्व स्वघोषणा गर्ने, स्वार्थ बाझिँदा निर्णय प्रक्रियाबाट बाहिरिने र सो प्रक्रियामा चासो नदिने अनि प्रत्यक्ष स्वार्थको द्वन्द्व भए पद अस्वीकार गर्ने या पद त्याग गर्ने प्रचलन छँदै छैन । अझ, स्वार्थ बाझिने पदमा पुग्न र सो पदमा टाँसिरहने आशक्ति व्याप्त छ,जुन सुशासन, कानूनी राज्य, पारदर्शिता र जबाफदेहिता आदिका लागि प्रधान शत्रु हुन्। यस्ता गतिविधिले विकृति, विसंगति र अराजकता आदिलाई प्रश्रय दिइरहेका छन्।

नेपालमा स्वार्थ बाझिएका घटना यत्रतत्र भेटिन्छन् । तीमध्ये हाल चर्चामा रहेका केही स्वार्थको द्वन्द्वका घटना यहाँ उदाहरण स्वरूप प्रस्तुत गरिएको छ ः

१.राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने छोटो समयका लागि दुई पटक गृहमन्त्री भए। दुवै पटक विवादमा रहे। पहिलो पटक दोहोरो नागरिकता र दोहोरो पासपोर्ट प्रयोगको विचाराधीन मुद्दाका कारण, जसमा उनी दोषी ठहरिएर मन्त्री मात्र होइन, सांसद पद पनि खारेज भयो। दोहोरो नागरिकता र दोहोरो पासपोर्ट दुरुपयोगको छानबिनको तालुकदार मन्त्रालय (गृह) मा आरोपित र छानबिन भइरहेका व्यक्ति मन्त्री हुनु प्रस्ट रूपमा स्वार्थको द्वन्द्व थियो । लामिछानेले मन्त्रीको रूपमा आफ्नो मुद्दा दबाउन, पन्छाउन र छानबिनमा अनुचित प्रभाव पार्न सक्ने सम्भावना अत्यधिक थियो, हुन्थ्यो।

त्यसैगरी, लामिछाने दोस्रो पटक गृहमन्त्री हुँदा सहकारी ठगीमा निजको संलग्नता र विचाराधीन भनिएका छानबिनहरू चर्चामा रहे । लामिछानेले सहकारी ठगीका मुद्दा दबाउन प्रहरी प्रशासन र महान्यायाधिवक्तासम्मलाई उपयोग गरेको आरोप लागेको छ । हाल यो विषय अनुसन्धानको क्रममा छ । आरोप सत्य भए स्वार्थको द्वन्द्वको यो गम्भीर घटना हुनेछ। त्यसैगरी, लामिछानेले गृहमन्त्रीको रूपमा सहकारी ठगीबारे समाचार लेखेको सन्दर्भमा कैलाश सिरोहियालाई पक्राउ गरी नागरिकताको कैफियतबारे गरेको अनुसन्धान पनि निजी स्वार्थ केन्द्रित थियो भन्ने आरोप छ।

२. रसुवा–भोटेकोसीलगायत जलविद्युत् परियोजनाका मुख्य प्रवर्द्धक दीपक खड्का हालै ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्री भए। मन्त्री मात्र होइन, मन्त्रीसँगै उनी नेपाल विद्युत् प्राधिकरणका पदेन अध्यक्ष बने। नेपाल विद्युत् प्राधिकरण र रसुवा–भोटेकोसी जलविद्युत् परियोजनाबीच व्यापारिक सम्बन्ध छ । यो प्रत्यक्ष रूपमा देखिने स्वार्थको द्वन्द्व हो । पारदर्शिता र जबाफदेहिता हुने समाजमा यस्तो स्वार्थको द्वन्द्व स्वीकार्य हुँदैन।

प्रधानमन्त्री र नेपाली कांग्रेसले खड्कालाई मन्त्री बनाउनुपर्दा अरू नै मन्त्रालय दिनुपर्ने हुन्छ । त्यसैगरी, विगतमा निजी जलविद्युत् परियोजनाका सञ्चालक, मुख्य प्रवर्द्घकहरू नेपाल विद्युत प्राधिकरणको सञ्चालक बनेका प्रशस्त उदाहरण छन्, जुन प्रत्यक्ष रूपमा देखिने स्वार्थको द्वन्द्वका उदाहरण हुन्।

३. विगतमा शहरी विकास मन्त्रीको रूपमा ठेकेदार कम्पनीका मालिक विक्रम पाण्डे र धनबहादुर बुढा मन्त्री भए । मन्त्रालय अन्तर्गतका ठेक्कामा मन्त्रीका ठेकेदार कम्पनी काम गरिरहेका छन्। शहरी विकास मन्त्रालय अन्तर्गत उनीहरूका ठेकेदार कम्पनीका ठेक्का नभएको अवस्थामा उनीहरू मन्त्री भए र उनीहरूको कार्यकालमा मन्त्रालय अन्तर्गतका कुनै पनि ठेक्कामा उनीहरूसँग सम्बन्धित ठेकेदार कम्पनीहरू सहभागी नभएचाहिँ केही फरक पर्दैनथ्यो । त्यसैगरी, हालै बागमती प्रदेशमा ठेकेदार कम्पनीका मालिक बहादुरसिंह लामा पनि मुख्यमन्त्री भए। उनको सन्दर्भमा पनि स्वार्थको द्वन्द्व हुने घटना पक्कै होलान्।

४. कतिपय बैंकका सञ्चालकहरू निजी उद्योगका प्रबद्र्धक छन्, जहाँ उनीहरूको स्वार्थ बाझिन्छ । नेपाल राष्ट्र बैंकले बैंकका सञ्चालक र उद्योगी छुट्टाउन प्रयास गरे पनि सकेको छैन।

५. नेपालमा हवाई दुर्घटना दुःखद् नियति नै बनेको छ । हवाईजहाज दुर्घटनाका बेला नागरिक उड्डयन प्राधिकरणलाई टुक्राएर सञ्चालक र नियामक बेग्लाबेग्लै संस्था बनाउनुपर्ने आवाज उठ्छ, जुन जायज हो । नागरिक उड्डयन प्राधिकरणले सञ्चालक र नियामक दुवैको काम गर्दा स्वार्थ बाझिन्छ र ऊ नियमन–कार्यमा चुक्छ । त्यसैले नागरिक उड्डयन प्राधिकरणलाई टुक्राएर सञ्चालक र नियामक बेग्लाबेग्लै संस्था बनाउन ढिलो भइसकेको छ।

माथिका केही प्रतिनिधि उदाहरण मात्र हुन् । गहन रूपमा अध्ययन गर्ने हो भने सरकारी संयन्त्र, निजी क्षेत्र, सार्वजनिक क्षेत्र, राजनीति, समाजसेवा र पत्रकारिता सबैतिर स्वार्थको द्वन्द्वका घटना बग्रेल्ती भेटिन्छन्।

एकाघरका परिवारका सदस्यलाई आफूमातहत दिइने सरकारी नियुक्ति, आफ्नो व्यापार, व्यवसाय आदिसँग सम्बन्धित सरकारी÷राजनीतिक काम, आफ्नै एकाघरका परिवारका सदस्यका परीक्षाको उत्तरपुस्तिका परीक्षण, सेवा निवृत्त भएपछि आफ्ना पुराना सेवाग्राहीसँग व्यापारिक सहकार्य, सरकारी पदमा हुँदा परामर्शदाताको रूपमा विभिन्न निकायलाई दिइने परामर्श सेवा, पुँजी बजारमा ‘इन्साइडर ट्रेडिङ’ आदि दैनिक रूपमा देखिएका र भोगिएका स्वार्थको द्वन्द्वका उदाहरण हुन्।

स्थानीय निकायका जनप्रतिनिधिहरू प्रायः ठेक्कापट्टासँग जोडिएका हुने र स्थानीय निकायले दिने ठेक्कापट्टा या उपभोक्ता समितिका (बाटो र वन आदि) कार्य जनप्रतिनिधिहरू जोडिएका कम्पनीलाई दिइने कुरूप प्रचलन व्याप्त छ । पुँजी बजारमा इन्साइडर ट्रेडिङका घटना व्याप्त छन् तर अनुसन्धान र कारबाही छैन।

कुनै राजनीतिक दललाई प्रतिनिधित्व गरेर सांसद र महान्यायाधिवक्ता भएको व्यक्ति न्यायाधीशजस्तो गरिमामय पदमा नियुक्त हुँदा पनि स्वार्थ बाझेको देखिन्छ । तर राजनीतिक दल र राजनीतिक नेतृत्व यस्ता खाले विकृति रोक्नभन्दा पनि यसको दुरुपयोग गरी आफ्नो स्वार्थ अनुकूल प्रयोग गर्न बानी परेका छन्, जसले भविष्यमा विकराल रूप लिन सक्छ।

स्वार्थको द्वन्द्वलाई गहन रूपमा मनन गर्ने,पारदर्शिता र जवाफदेहितालाई राजनीति र सार्वजनिक प्रशासनको मूल मर्म मान्ने हो भने गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री हुँदा आफ्नै छोरी सुजातालाई उपप्रधानमन्त्री बनाउँदैनथे । प्रचण्डले भाइ नारायण दाहाललाई राष्ट्रियसभा अध्यक्ष बनाउँदैनथे । परिवारका व्यक्तिलाई मुख्य राजनीतिक नियुक्ति दिनु असल अभ्यास मानिंदैन । आफैँमाथि अनुसन्धान हुनुपर्ने अवस्थामा रवि बल गरेर गृहमन्त्री हुँदैनथे । सरकार परिवर्तन हुनासाथ प्रहरीमा सरुवा हुँदैनथ्यो । दीपक खड्का मन्त्री भए पनि ऊर्जामन्त्री हुँदैनथे। विक्रम पाण्डे र धनबहादुर बुढा शहरी विकास मन्त्री हुँदैनथे । नेपाल धितोपत्र बोर्ड (सेबोन) अध्यक्ष र गभर्नरका कारण सरकार परिवर्तन हुँदैनथे।

ठेकेदार बहादुरसिंह लामा मुख्यमन्त्री हुँदैनथे। विवादास्पद र गम्भीर फौजदारी मुद्दा अदालतमा विचाराधीन भएका व्यक्ति मन्त्री हुँदैनथे ।अझ भन्ने हो भने ओलीले राज्यको अर्बौं खर्च गरेर आफ्नै निर्वाचन क्षेत्र दमकमा कामबिनाको भ्युटावर बनाउँदैनथे, देउवाले आफ्नै श्रीमतीलाई समानुपातिक सांसद र परराष्ट्रमन्त्री बनाउँदैनथे।

त्यति मात्र होइन, सरकार र गृहमन्त्री परिवर्तन हुँदा नक्कली भुटानी शरणार्थी, अवैध सुन तस्करी, सरकारी ठगी, गिरिबन्धु जग्गा, ललिता निवास, बाँसबारी जग्गा आदि काण्डको अनुसन्धान प्रक्रिया रोकिँदैनथ्यो । स्वार्थको द्वन्द्वका घटना दिन प्रतिदिन बढ्दै जाँदा सार्वजनिक प्रशासनलाई पारदर्शी र जबाफदेही बनाउन यस्ता घटनामा राज्य खरो रूपमा उत्रन ढिला भइसकेको छ। स्वार्थको द्वन्द्वबारे कडा आचार संहिता, नियम र कानून बनाएर सख्त कार्यान्वयन गर्न ढिला भइसकेको छ। उकालो

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। सामग्रीले सान्दर्भिकताअनुसार प्राथमिकता पाउनेछ। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ।

# शान्तिप्रक्रियाको कार्यभार पूरा गर्न एकताबद्ध हुनुपर्नेः मुख्य सचेतक न्यौपाने

**काठमाडौँ ।**
राष्ट्रियसभामा नेपाल कम्युनिष्ट पार्टी (एमाले)का मुख्य सचेतक भगवती न्यौपानेले शान्तिप्रक्रियाका बाँकी कार्यभार पूरा गर्न सम्पूर्ण राजनीतिक दल एकताबद्ध भएर अगाडि बढ्नुपर्नेमा जोड दिएकी छिन् ।

राष्ट्रियसभाको बिहीबारको बैठकमा बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक, २०७९ माथिको दफावार छलफलका क्रममा उनले भनिन्,‘खासखास बेलामा राजनीतिक दल एक ठाउँमा उभिएका छौँ, समस्या समाधान गर्न साझा प्रतिबद्धता व्यक्त गरेका छौँ । शान्तिप्रक्रियाका कार्यभार टुङ्ग्याउन पनि सबै एक ठाउँमा उभिनुपर्छ ।’

पीडितले न्याय पाउने आशङ्का गरिएको उल्लेख गर्दै सांसद न्यौपानेले विधेयक निर्माणका क्रममा संविधान, अन्तर्राष्ट्रिय कानुन र सरोकार भएकाको सुझावलाई आत्मसात् गरिएको बताइन् ।

‘यो सङ्क्रमणकालीन न्याय हो, दुईवटा द्वन्द्वरत पक्ष हात मिलाएर अघि बढिसकेका छौँ’, उनले भनिन्,‘पीडितहरुले न्याय पाउँदैनन् भनेर फेरि शान्तिप्रक्रियालाई भड्काउन खोजिएको छ, विधेयकमा गम्भीर प्रकृतिका मानवअधिकार उल्लङ्घनका विषयलाई आममाफी नदिइने विषय समेटिएको छ ।’

पीडितलाई राहत उपलब्ध गराउँदै परिपूरणको हक सुनिश्चित गरिएको जानकारी दिँदै सांसद न्यौपानेले बहिर्गमित लडाकुका साथै सुरक्षाकर्मीलाई पनि राहत र परिपूरणको व्यवस्था गरिएको स्पष्ट पारे । अब बन्ने आयोगले मसिनो गरी कार्यसम्पादन गर्ने विश्वास व्यक्त गर्दै उनले द्वन्द्वलाई दिगो शान्तिमा परिणत गरी सही ढङ्गले द्वन्द्व व्यवस्थापन गरिने बताइन् । रासस

# प्रदेश प्रमुख देवकोटाद्वारा विधेयक प्रमाणीकरण

**मकवानपुर ।**
बागमती प्रदेश प्रमुख दीपकप्रसाद देवकोटाले बागमती प्रदेशसभाबाट पारित भई आएको ‘विज्ञान, प्रविधि, नवप्रवद्र्धन तथा विकास कोष ऐन, २०८१’ लाई प्रमाणीकरण गरेका छन् ।

प्रदेशसभाबाट पारित भई आएको उक्त विधेयकलाई प्रदेश प्रमुख देवकोटाले विहीबार प्रमाणीकरण गरेको प्रदेश प्रमुखको कार्यालयका प्रवक्ता समेत रहेका उप सचिव प्रवक्ता गाविन्दप्रसाद पौडेलले जानकारी दिए । केही दिनअघि प्रदेशसभाबाट पारित भएको विधेयकलाई प्रमाणीकरण गर्न प्रदेशसभाका सभामुख भुवनकुमार पाठक र प्रमुख सचिव कृष्णहरि खड्काले हस्ताक्षर गरी प्रदेश प्रमुखको सचिवालयमा पठाएका थिए । रासस

# ‘राष्ट्रिय एकता सुदृढीकरण र राजनीतिक उपलब्धिको रक्षा गर्नुपर्ने’

**काठमाडौँ ।**
नेकपा (माओवादी केन्द्र)का वरिष्ठ नेता नारायणकाजी श्रेष्ठले राष्ट्रिय एकतालाई सुदृढ गर्दै राजनीतिक उपलब्धिको रक्षामा सिङ्गो मुलुकको ध्यान जानुपर्नेमा जोड दिएका छन् ।

राष्ट्रियसभाको आजको बैठकमा बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक, २०७९ माथिको दफावार छलफलका क्रममा उनले अब राजनीतिक परिवर्तनलाई माध्यम बनाएर जनताको जीवन उकास्न केन्द्रित हुनुपर्ने बताए । राष्ट्रियसभामा माओवादी संसदीय दलका नेता श्रेष्ठले राष्ट्रिय सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाभिमान र राष्ट्रिय हितको रक्षाका साथै राष्ट्रिय एकतालाई सुदृढ गर्ने मुख्य कार्यभार रहेको स्पष्ट पारे ।

सबै प्रकारका सङ्घर्ष र शान्ति प्रक्रियाका आधारमा नेपाल नयाँ राजनीतिक परिस्थितिमा पुगेको उल्लेख गर्दै उनले प्राप्त उपलब्धिको रक्षा, परिमार्जन र उन्नत बनाउनु दोस्रो कार्यभार भएको बताए । ‘हजारौँ सहिदको बलिदान तथा लाखौँ जनताको सङ्घर्षबाट प्राप्त राजनीतिक उपलब्धिमाथि कहीँकतैबाट आक्रमण र अपहरण हुन नपाओस्, कुनै पनि कोणबाट त्यसलाई खोस्न नपाओस्, प्रतिगामी खतराका विरुद्ध सचेत हुँदै उपलब्धिका रक्षा गर्नुपर्छ’, नेता श्रेष्ठले भने ।



जनताले राजनीतिक परिवर्तनबाट जीवनस्तर फेरिएको महसुस गर्न सक्नुपर्ने बताउँदै उनले विकास र समृद्धिको लक्ष्य हासिल गर्नु केन्द्रीय कार्यभार रहेको धारणा राखे । नेता श्रेष्ठले राजनीतिक परितर्वनका उपलब्धि राजनीतिक अधिकारका निम्ति मात्रै नभएको उल्लेख गर्दै परिवर्तनलाई साधन र माध्यम बनाएर नेपाली समाजको आमूलपरिवर्तन गर्ने, सामाजिक आर्थिक रुपमान्तरमार्फत विकास र समृद्धिलाई तीव्र पारी मुलुकलाई समृद्ध बनाउनुपर्ने बताए ।

शान्ति प्रक्रियाका बाँकी काम पूरा गर्नु राजनीतिक दलहरुको प्रमुख जिम्मेवारी रहेको जनाउँदै उनले भने,‘नेपालको शान्ति प्रक्रिया मौलिक ढङ्गको छ, द्वन्द्वको कारण र परिणामलाई आत्मसात गरेर अघि बढ्नुपर्छ ।’ संस्थापन पक्ष र सशस्त्र सङ्घर्ष गरिरहेको राजनीतिक शक्तिबीच राजतन्त्रका विरुद्ध र लोकतन्त्रका पक्षमा हातेमालो गरेर अघि बढेको सन्दर्भ विश्वमै नौलो रहेको उल्लेख गर्दै नेता श्रेष्ठले मौलिक प्रक्रियाबाट समझदारी बनाएर शान्ति प्रक्रियामा प्रवेश गरिएको स्पष्ट पारे ।

शान्ति प्रक्रियाका मुख्य कार्यभारमध्ये राजनीतिक परिवर्तनलाई संविधानसभाद्वारा संविधान निर्माण गरेर संस्थागत गर्ने र नेपाली सेनाको लोकतान्त्रिकरण, माओवादी जनसेना समायोजन तथा हतियार व्यवस्थापन सम्पन्न भइसकेको जनाउँदै उनले सङ्क्रमणकालीन न्यायसम्बन्धी कार्यभार पूरा हुने क्रममा रहेको स्पष्ट पारे । ‘सङ्क्रमणकालीन न्यायका विषय पूरा गर्नैपर्छ, यसमा हामी सबै प्रष्ट हुनुपर्छ, विधेयकले पीडितको भावनालाई समेटेको छ, मानवअधिकार उल्लङ्घनका घटनामा मुद्धा चलाउने व्यवस्था गरिएको छ’, उनले भने ।

नेता श्रेष्ठले सत्य स्थापित, पीडितलाई न्याय प्रदान, मेलमिलाप कायम र शान्ति स्थापित गर्ने कार्यभार पूरा गरी संशोधित विधेयक प्रस्तुत भएको उल्लेख गर्दै विधेयक पारित गरेर अघि जानुपर्नेमा जोड दिए । उनले गम्भीर मानवअधिकार उल्लङ्घनका घटनामा माफी दिने वा मेलमिलाप नगर्ने, त्यसमा मुद्दा चलाउने र मेलमिलापमा पीडितको सहमति हुनुपर्नेलगायत व्यवस्था पीडितमैत्री रहेको बताए ।

विधेयक पारित भएसँगै बेपत्ता पारिएका व्यक्तिको छानबिन तथा सत्य निरुपण तथा मेलमिलाप आयोगलाई साधनसम्पन्न बनाउनुपर्नेमा जोड दिए । राजनीतिक पार्टी, नागरिक समाज र सरोकारवालाले पनि भरपूर सहयोग गर्नुपर्ने उनको भनाइ छ । ‘विधेयक पारित भएर कानुन बनेपछि सरकारले तुरुन्त आयोग गठन गर्न गर्नुपर्छ, फेरि पार्टीगत सङ्कीर्णता राखेर आयोग बनाउन हुँदैन, शान्ति प्रक्रियालाई हरहालतमा सम्पन्न गर्ने विश्वासिलो आयोग चाहिएको छ’, नेता श्रेष्ठले भने । ‘वास्तविक लोकतन्त्रमा जनताले अनुभूत गर्ने गरी राजनीतिक दल र नेताले अभ्यासको अगुवाइ गर्नुपर्छ, सामाजिक, आर्थिक रुपान्तरणमा ध्यान दिनुपर्छ’, उनले भने । रासस

# गण्डकी प्रदेशः कांग्रेस–एमाले सत्ता सहकार्यमा अझै सहमति जुटेन

**गण्डकी ।**
गण्डकी प्रदेशमा नेपाली काङ्ग्रेस र नेकपा (एमाले) बीच सत्ता सहकार्यमा ढिलाइ भइरहेको छ । नयाँ सत्ता समीकरण अनुसार सङ्घीय सरकार गठन भएको डेढ महिना बितिसक्दा यहाँ भने सत्ता गठबन्धनको मुख्य घटक एमाले सरकारबाहिर छ । सत्ता साझेदारीका विषयमा पटकपटक गरिएका छलफल निष्कर्षविहीन भएका दुवै दलका नेताले जनाएका छन् ।

काङ्ग्रेसका प्रदेशसभा सदस्य डिल्लीराम सुवेदीले दलहरुबीच मन्त्रालयको बाँडफाँटमा सहमति जुट्न बाँकी रहेको बताए । ‘मुख्यमन्त्री र एमाले संसदीय दलका नेताबीच र दुवैतर्फको कार्यदलस्तरमा छलफल भइरहेको छ’, उनले भने, ‘छिट्टै सहमति जुट्ने विश्वास छ, अब पनि ढिलो गरियो भने अनावश्यक आशङ्का पैदा हुन्छ ।’ यहाँ काँग्रेस संसदीय दलका नेता सरेन्द्रराज पाण्डे नेतृत्वको सरकार छ ।

मुख्यमन्त्री पाण्डेले अहिलेको सरकारमा मन्त्री रहेका नेकपा (माओवादी केन्द्र) को चुनाव चिन्ह लिएर निर्वाचित नेपाल समाजवादी पार्टीका फणिन्द्र देवकोटा र स्वतन्त्र प्रदेशसभा सदस्य राजीव गुरुङलाईसमेत समेटेर सरकार पुर्नगठन गर्न चाहेको प्रदेशसभा सदस्य सुवेदीले बताए । ‘उहाँहरु दुवैलाई सरकारमा साथै लिएर जानुपर्छ भन्नेमा काङ्ग्रेस स्पष्ट छ, संसदीय दलले पनि यही निर्णय गरेको छ’,उनले भने,‘हिजो अफ्टेरो घडीमा सरकारलाई साथ दिनुभएका प्रदेशसभा सदस्यलाई काँग्रेसले सरकारबाहिर राख्न सक्दैन ।’

प्रदेशसभा सदस्य देवकोटा र गुरुङको निर्णायक समर्थनमा मुख्यमन्त्री पाण्डेले गत जेठ २८ गते प्रदेशसभाबाट विश्वासको मत पाएका थिए । एमाले गण्डकी प्रदेशसभा संसदीय दलका प्रमुख सचेतक गोविन्दबहादुर नेपालीले छलफल औचित्य पुष्टि हुने गरी मन्त्रालय थप गर्ने विषयमा एमाले सकारात्मक रहेको बताए । ‘अहिले भइरहेका मन्त्रालयमार्फत सेवा प्रवाहमा बोझ र समस्या भएको अवस्था हो भने केही मन्त्रालय थप गर्न सकिन्छ’, उनले भने,‘संविधान दिएको अधिकार भन्दैमा धेरै मन्त्रालय बनाउनु हुँदैन, नागरिकको पनि त्यसमा विरोध छ ।’ मुख्यमन्त्रीले ल्याएको मन्त्रालय थप गर्ने प्रस्तावमा छलफल चलिरहेको उनको भनाइ छ । अहिले सात मन्त्रालय छन् । यसअघि एमाले संसदीय दलका नेता खगराज अधिकारी मुख्यमन्त्री हुँदा १२ बाट घटाएर मन्त्रालय सङ्ख्या सातमा पु¥याइएको थियो ।

आफ्नो सरकारका पालामा मन्त्रालय सङ्ख्या घटाएर जनस्तरबाट प्रशंसा बटुलेको एमालेले अहिलेको सरकारले पनि मन्त्रालय नथपोस् भन्ने चाहन्छ । तर साना दललाई पनि सरकारमा समेट्ने काङ्ग्रेसको अडानका कारण त्यो सम्भव हुने देखिएको छैन । ‘मन्त्रालय थप्ने र भागबण्डाका विषयमा दुई दलबीच सघन ढङ्गले छलफल चलिरहेको छ, छिट्टैमा सहमति जुट्छ’, एमाले प्रमुख सचेतक नेपालीले भने ।

साना दललाई पनि समेटेर जाने विषयमा एमाले सकारात्मक रहेको उनको भनाइ छ । सम्मानजनक हैसियतबिना एमाले सरकारमा नजाने उनले बताए । मुख्यमन्त्री पाण्डे संविधानको धारा १६८ (३) बमोजिम प्रदेशसभाको सबैभन्दा ठूलो दलका हैसियतमा गत जेठ १६ गते मुख्यमन्त्रीमा नियुक्त भएका थिए । उनले काङ्ग्रेसका २७, राप्रपाका दुई, नेसपाका एक र एक स्वतन्त्र प्रदेशसभा सदस्य गरी ३१ प्रदेशसभा सदस्यको समर्थन पाएका थिए । एमालेका २२ र माओवादी केन्द्रका छ प्रदेशसभा सदस्यले विश्वासको मतको विपक्षमा मत दिएका थिए ।

त्यसअघि मुख्यमन्त्री बनेका नेकपा (एमाले) संसदीय दलका नेता खगराज अधिकारीले प्रदेशसभाबाट प्राप्त गरेको विश्वासको मतलाई सर्वोच्च अदालतले असंवैधानिक रहेको फैसला गरेपछि पाण्डे पुनः मुख्यमन्त्रीमा नियुक्त भएका थिए । अधिकारीले पाएको विश्वासको मतविरुद्ध दायर भएको रिटमा सुनुवाई गर्दै सर्वोच्च अदालतले प्रदेशसभाको सबैभन्दा ठूलो दलको नेताका हैसियतमा पाण्डेलाई मुख्यमन्त्रीमा नियुक्त गर्न परमादेश दिएको थियो । ६० सदस्यीय प्रदेशसभामा नेपाली काङ्ग्रेसका २७, एमालेका २२, नेकपा (माआवादी केन्द्र)का सात (सभामुखबाहेक), राष्ट्रिय प्रजातन्त्र पार्टीका दुई र एक स्वतन्त्र प्रदेशसभा सदस्य छन् । रासस

# ‘भ्रष्टाचारको मुद्दामा हद म्याद राख्न मान्य छैन’

**काठमाडौँ ।**
राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले भ्रष्टाचारको मुद्दामा कुनै पनि किसिमको हदम्याद लागू हुन नदिने बताएका छन् ।

प्रतिनिधिसभाको बिहीबारको बैठकको आकस्मिक समयमा सांसद लामिछानेले सरकारले भ्रष्टाचारको मुद्दामा पाँचवर्षे हदम्याद राख्ने विधेयकप्रति आपत्ति जनाए । उनले भने, ‘भ्रष्टाचारको कुनै पनि हदम्याद मान्य हुनेछैन । यस विषयमा ‘नो इफ, नो बट’ हाम्रो कुरा ‘क्लियर कट’ ।” सरकारले नीतिगत भ्रष्टाचारको विषयमा परिभाषा समेत प्रस्ट पार्नुपर्ने सभापति लामिछानेले बताए ।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का सांसद रोशन कार्कीले आफ्नो पार्टी भ्रष्टाचारीलाई छुट दिनु हुँदैन भन्नेमा प्रस्ट रहेको बताए । उनले भने, ‘भ्रष्टाचारीलाई छुट दिनु हुँदैन । हदम्याद राख्नु हुँदैन भन्नेमा हामी प्रस्ट छौँ ।’

नेकपा (माओवादी केन्द्र)का सांसद शक्तिबहादुर बस्नेतले देशमा ८२ प्रतिशत स्थानमा बस्ती प्राकृतिक विपत् ग्रस्त क्षेत्र भएको उल्लेख गर्दै विपत्मा भूकम्पबाट पीडित जाजरकोटवासीलाई तुरुन्तै अस्थायी आवासको व्यवस्थापन गर्न सरकारको ध्यानाकर्षण गराए । सांसदहरु सुमना श्रेष्ठ, राजकिशोर यादव, सुशीला थिङ, सरस्वती बजियम, रामकुमार राई, अम्रेसकुमार सिंह, शङ्कर भण्डारी, प्रेमबहादुर महर्जन, ईश्वरबहादुर रिजाल, मैना कार्की, अब्दुल खान, रामहरि खतिवडालगायतले विपत् व्यवस्थापन र सवारी दुर्घटना जोखिम न्यूनीकरणका विषयमा सरकारको ध्यानाकर्षण गराएका थिए । रासस

# ‘अवरुद्ध राजमार्ग दुई घण्टाभित्र सञ्चालन गरिने’

**काठमाडौँ ।**
भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले वर्षाका कारण अवरुद्ध भएका राजमार्ग दुई घण्टाभित्र सञ्चालन गराउने गरी आवश्यक जनशक्ति परिचालन गरिने बताएका छन् ।

प्रतिनिधिसभाको विहीबारको बैठकमा आकस्मिक र शून्य समयमा सांसदहरुले सडक र भौतिक पूर्वाधारका विषयमा उठाउनुभएका प्रश्नको जवाफ दिने क्रममा उनले अवरुद्ध राजमार्ग दुई घण्टाभित्र सञ्चालन गरिने प्रतिबद्धता जनाए ।

भौतिक, पूर्वाधार र यातायतका विषयमा उठेका प्रश्नलाई उनले सकारात्मक सुझावका रुपमा लिएको बताउँदै वर्षातका कारण मन्त्रालयलाई काम गर्न केही कठिन भएको जानकारी गराए । ‘अविरल वर्षासँगै आएको पहिरोले नागढुङ्गा खण्ड अवरुद्ध भएको थियो, उक्त पहिरो तत्काल पन्छाएर आवागमन नियमित सञ्चालन गर्न केही समस्या भयो । योबाहेक अन्य राष्ट्रिय राजमार्गमा भएको सडक अवरुद्ध दुई घण्टाभित्र हटाउन सफल भएका छौँ, उनले भने ।

सभाको बैठकमा अधिकांश सांसदले हुलाकी राजमार्गअन्तर्गत धुनषा र सिरहाको दक्षिणी सिमानास्थित कमला नदीमा बन्दै गरेको पुल भासिएको अवस्थाबारे सदनमार्फत सरकारको ध्यानाकर्षण गराएका थिए । यो प्रश्नको जवाफ दिँदै मन्त्री दाहालले ठेकेदार र निर्माण व्यवसायीको बीमा विवादले पुनः निर्माण रोकिएको जानकारी गराएका थिए । उनले यो समस्या समाधान गर्न सम्बन्धित पक्षसँग छलफल गरेर यथाशीघ्र निकासा ल्याउने प्रतिबद्धता जनाए ।

पुल निर्माणको मागसहित अनशनमा बस्नुभएका स्थानीयलाई सम्बोधन गर्दै भौतिक पूर्वाधार तथा यातायातमन्त्री दाहालले भने, ‘अनशन बसेर समस्याको समाधान आउँदैन, सबै मिलेर छलफल गरौँ र समाधान निकालौँ ।’

भौतिक मन्त्रालयमा फाइल थन्किएको छ भन्ने सांसदहरुको प्रश्नलाई मन्त्री दाहालले कर्मचारी व्यवस्थापन गरेसँगै कुनै पनि पुराना कामसम्बन्धी फाइल कार्यालयमा नरोकिने जानकारी दिए । उनले आगामी असोजसम्म भौतिक निर्माणसम्बन्धी सम्पूर्ण ठेक्काहरु लागू गरिसक्ने मन्त्रालयको लक्ष्य रहेको बताए । ‘बर्खाको समय भएकाले केही काममा ढिलाइ र केही काम अवरुद्ध भएका छन्’, उनले भने, ‘आगामी असोजसम्ममा सम्पूर्ण ठेक्काहरु सुरु गरिसक्छौँ ।’ रासस

# समृद्धिका लागि राष्ट्रिय एकता अपरिहार्य छः नेता सिटौला

**काठमाडौँ ।**
नेपाली कांग्रेसका नेता कृष्णप्रसाद सिटौलाले राजनीतिक परिवर्तनमा एक भएका राजनीतिक दल अब मुलुक र जनताको समृद्धिका लागि राष्ट्रिय एकता अपरिहार्य रहेको बताएका छन् ।



राष्ट्रियसभाको विहीबारको बैठकमा बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक, २०७९ माथिको दफावार छलफलका क्रममा नेता सिटौलाले वर्तमान अवस्थामा फेरि राष्ट्रिय एकताको अपरिहार्यता रहेको बताए । ‘नेपाललाई विश्व मञ्चमा प्रतिस्पर्धी मुलुकका रुपमा चिनाउन राष्ट्रिय एकताको आवश्यकता रहेको छ । राष्ट्रिय एकतालाई सुदृढ पार्ने राजनीतिक दलले नै हो’, राष्ट्रियसभामा काङ्ग्रेस संसदीय दलका नेता सिटौलाले भने, ‘यसतर्फ सबै राजनीतिक दलले गम्भीर भएर सोच्नुपर्छ ।’ राजनीतिक दलहरुले गरेको सङ्कल्प पूरा गर्ने प्रतिबद्धता आवश्यकता भएको उल्लेख गर्दै उनले राजनीतिक परितर्वनमा सरिक हुने सबै राजनीतिक दल मिलेर जनताको राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक परिवर्तनको चाहना पूरा गर्ने बताए ।

‘फेरि एकपटक मुलुकले राजनीतिक दलहरुका बीचमा बृहत समझदारी र एकता खोजेको छ, मैले राजनीतिक दलमा जुन विश्वास देखेको थिएँ, त्यो विश्वास टुटेको छ, सिङ्गो मुलुक अविश्वासको खाडलमा छ । विश्वासको सङ्कट छ’, नेता सिटौलाले भने,‘फेरि एकपटक सैद्धान्तिक र नीतिगत रुपले एक ठाउँमा आएर साझा दृष्टिकोणअनुसार अगाडि बढ्ने सङ्कल्प गरौँ ।’

द्वन्द्व पीडितलाई न्याय दिन हरसम्भव प्रयास गर्न सबैको ध्यान जानुपर्नेमा जोड दिँदै नेता सिटौलाले सङ्क्रमणकालीन न्यायलाई निरुपण गर्न गठित आयोगको कामकारबाहीलाई प्रभावकारी बनाइनुपर्ने बताए । ‘अब द्वन्द्वपीडितलाई न्याय पाइन्छ भन्ने विश्वास दिलाउन सक्नुपर्छ, न्याय दिनसक्ने गरी आयोगलाई पूर्णता दिनुपर्छ’, उनले भने ।

बाह्रबुँदे सम्झौताबाट सुरु भएको राजनीतिक ‘कोर्स’का आधारमा तत्कालीन अवस्थामा विस्तृत शान्ति सम्झौता र अन्तरिम संविधानमार्फत नै नेपालको आगामी राजनीतिक परिदृश्य कोरिएको उनले स्मरण गरे । विसं २००७ को क्रान्तिमा उठेको संविधानसभाद्वारा संविधान जारी गर्ने माग माओवादी आन्दोलनबाट पूरा भएको उल्लेख गर्दै उनले राजनीतिक दलले गरेको प्रतिबद्धताबाट दायाँबायाँ हुन नहुने बताए । रासस

# जासुसीको अभियोगमा चिनियाँ मुलका अमेरिकी ताङविरूद्ध मुद्दा

**वासिङ्टन ।**
सन् १९८९ मा चीनको प्रजातान्त्रिक आन्दोलनमा भाग लिएका न्यूयोर्कका एक व्यक्तिलाई संयुक्त राज्य अमेरिकामा चिनियाँ सरकारको अवैध एजेन्टको रूपमा काम गरेको आरोपमा बुधबार अभियोग लगाइएको अमेरिकी न्याय मन्त्रालयले जनाएको छ ।

करिब २० वर्षअघि पौडी खेलेर ताइवान नियन्त्रित टापुमा पुगेका ६७ वर्षीय ताङ युआनजुनलाई पछि अमेरिकाले राजनीतिक शरण दिएको थियो । उनलाई बुधबार पक्राउ गरिएको थियो भने छिट्टै जिल्ला न्यायाधीशसमक्ष उपस्थित गराइने बताइएको छ ।

उनीविरूद्ध सन् २०१८ देखि सन् २०२३ सम्म संयुक्त राज्य अमेरिकामा जनवादी गणतन्त्र चीनको एजेन्टको रूपमा काम गरेको अभियोग लगाइएको न्याय मन्त्रालयले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।




ताङले 'जनगणतन्त्र चीनको प्रमुख नागरिक गुप्तचर निकाय, राष्ट्रिय सुरक्षा मन्त्रालय (एमएसएस) को निर्देशनमा काम गरेको देखिएको छ,' अमेरिकी न्याय मन्त्रालयलले भनेको छ ।

ताङले एमएसएसका अधिकारीहरूलाई 'जनगणतन्त्र चीनले सम्भावित विरोधीका रूपमा हेरेका व्यक्ति र समूह' को बारेमा जानकारी प्रदान गर्नुभएको र यसमा 'अमेरकास्थित प्रमुख चिनियाँ प्रजातन्त्रवादी अभियन्ता र असन्तुष्टहरू' समावेश छन् । उनले आफ्नो एमएसएससँग कुराकानी गर्न प्रयोग गरिने इमेल अकाउन्टमा पहुँच नभएको दाबी गर्दै सङ्घीय अनुसन्धान विभागमा झूट बोलेको आरोप पनि लगाइएको छ ।

बिहीवार एएफपीले यस मामिलाबारे सोधेको प्रश्नमा बेइजिङको विदेश मन्त्रालयले 'उक्त विवरणबारे आफूलाई जानकारी नभएको' बताएको छ । चीनको उत्तरपूर्वी जिलिन प्रान्तका बासिन्दा ताङलाई सन् १९८९ मा बेइजिङको तियानआनमेन स्क्वायरमा भएको हिंसात्मक झडपमा भाग लिएको आरोपमा २० वर्षको जेल सजाय सुनाइएको थियो ।

आठ वर्ष जेल बसाइपछि उनी रिहा भएका थिए ।

सन् २००२ मा ताइपेइस्थित एक अधिकार समूहका अनुसार ताङ चीनमा प्रजातन्त्रको पक्षमा वकालत गर्ने सक्रिय रहे र ताइवान भाग्नुअघि उनलाई अधिकारीहरूले बारम्बार हिरासतमा लिने, सोधपुछ गर्ने र उत्पीडन गर्ने गरेका थिए । रासस

# गाजा सम्झौताका लागि बाइडेनद्वारा नेतान्याहुलाई दबाब

**वासिङ्टन ।**
मध्यस्तकर्ताहरूको आग्रहमा आयोजित गाजा युद्धविराम वार्ता अवरूद्ध भएपछि अमेरिकी राष्ट्रपति जो बाइडेनले इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुलाई हमाससँग गाजा युद्धविराम सम्झौताका लागि दबाब दिएका छन् ।



वार्ताका लागि गरिएका प्रयास सफल हुन नसकेपछि अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केन मध्यपूर्वको भ्रमणलाई अन्त्य गरेको केही समयपछि बाइडेन र नेतान्याहुबीच टेलिफोनमा कुराकानी भएको हो ।

मध्यपूर्वमा तनाव बढ्दै जाँदा अमेरिकी कुटनीतिज्ञ स्वदेश फिर्ता हुनुले तत्काल थप वार्ताको सम्भावना देखिँदैन । यद्यपि, सामाजिक सञ्जाल एक्समार्फत बाइडेनले युद्धविराम र बन्धक मुक्तिको सम्झौता बन्द गर्नुपर्ने जनाउदै बाँकी अवरोध हटाउन आगामी कायरो वार्ताबारे छलफल गरेको जनाएका छन् । तेहरानले हमासका शीर्ष नेताको हत्याको बदला लिने धम्की दिएपछि उनले नेतान्याहुसँग इरान र यसको आङ्कवादी समूहबाट हुने खतराविरुद्ध अमेरिकाले इजरायलको रक्षा र समर्थन गर्ने बताए ।

ह्वाइट हाउसले पनि अमेरिकी राष्ट्रपति बाइडेनले सम्झौतामा पुग्न 'तत्काल जोड दिएको' जनाएको छ । उपराष्ट्रपति कमला ह्यारिसले पनि फोनमा नेतान्याहुसँग कुराकानी गरेको स्रोतले जनाएको छ ।

एक्सियोस समाचारका अनुसार बाइडेनले नेतान्याहुलाई अमेरिका, इजिप्ट र कतारले मध्यस्थता गरिरहेको वार्तामा थप लचिलो हुन दबाब दिएका छन् ।

गत अक्टोबरमा हमासले गरेको आक्रमणपछि बाइडेन प्रशासनले इजरायलको समर्थनका लागि नेतान्याहूलाई सहयोग गर्दै प्यालेस्टिनी लडाकू समूहलाई निश्क्रय पार्न सैन्य सहायता प्रदान गर्दै आएको छ । रासस

# अमेरिकी राष्ट्रपतीय निर्वाचनः वाल्जद्वारा पार्टीमा औपचारिकरूपमा उम्मेदवारी दर्ता



**शिकागो ।**
डेमोक्र्याटिक पार्टीका तर्फबाट उपराष्ट्रपति पदका उम्मेदवारका लागि टिम वाल्जले आफ्नो उम्मेदवारीलाई औपचारिक रूपमा स्वीकार गरेका छन् ।

पार्टीका तर्फबाट उपराष्ट्रपतिको उम्मेदवारका रूपमा मनोनित वाल्जले पार्टीको अधिवेशनमा उम्मेदवारी दर्ता गर्दै औपचारिक रूपमा उम्मेदवारीको प्रक्रियालाई अगाडि बढाउन सहमति जनाएका हुन् ।

वाल्जले शिकागोमा डेमोक्र्याटिक पार्टीको राष्ट्रिय सम्मेलनमा भने,'संयुक्त राज्य अमेरिकाको उपराष्ट्रपतिका लागि तपाईंको मनोनयन स्वीकार गर्न पाउनु मेरो जीवनको सम्मान हो । हामी यो देशलाई माया गर्छौं । त्यसैले त हामी सबै आज यति राति यहाँ एउटा सुन्दर र सरल कारणको लागि भेला भएका छौँ ।'

उपराष्ट्रपति पदका लागि तुलनात्मक रूपमा चर्चा नपाएका मिनेसोटाका गभर्नरले डोनाल्ड ट्रम्पविरुद्ध ह्यारिसको बढ्दो अभियानमा शिकागोको युनाइटेड सेन्टरमा गरिएको उनको सम्बोधनले चामत्कारिक मध्यपश्चिमी माहोल ल्याएको छ ।

बिहीबार ह्यारिसको राष्ट्रपतिको उम्मेदवारीले औपचारिकता पाउने भव्य समारोहभन्दा पहिले मञ्च लिँदै, पूर्व शिक्षक तथा राष्ट्रिय सैन्य सुरक्षाअधिकारी वाल्जले एक भाषणमा आफ्नो जीवन कथालाई रेखाङ्कन गरेको र अमेरिकीहरूको स्वतन्त्रताको रक्षा र भविष्यको निर्माणमा ध्यान केन्द्रित गर्न सफल भएको छ ।

डेमोक्र्याटिक पार्टीको अधिवेशन सम्बोधनको १२ औँ सदस्य बनेका भीडलाई खुसी तुल्याएका पूर्वराष्ट्रपति बिल क्लिन्टनले ह्यारिसले वाल्जलाई आफ्नो 'रनिङ मेट' को रूपमा चयन गरेर चर्चाको चुलीमा ल्याएको बताएका थिए ।

क्लिन्टनले भने,'निर्वाचनमा होमिएका दुई जना नेतासँग सबै अमेरिकीका अझै पनि असम्भव जीवनकथाहरू छन् । यो यहाँ मात्र हुन सक्छ ।'

'यदि तपाईंले यो टोलीलाई मतदान गरी निर्वाचित गराए उनीहरुले निर्वाचनमा मात्र सफलता पाउने नभई यसबाट तपाईंलाई आफ्नो बाँकी जीवनको लागि गर्व गर्ने अवसर मिल्नेछ ।'

राष्ट्रपति जो बाइडेनले जुलाई २१ मा पुनः निर्वाचनको उम्मेदवारी फिर्ता लिने निर्णय गरेपछि राष्ट्रपतिको उम्मेदवारीमा अघि सारिएका डेमोक्र्याटिक नेता ह्यारिसको अधिवेशनको अन्त्यमा हुने बिहीबारको भाषणका बिषयवस्तुको छनोट र व्यवस्थापन पनि गर्नेछन् ।

मङ्गलबार डेमोक्र्याटिक सुपरस्टार तथा पूर्वराष्ट्रपति बाराक ओबामा र मिसेलले बाइडेनको भावनात्मक भाषणपछि बोल्दै राष्ट्रपति बाइडेनले आफ्ना उपराष्ट्रपतिलाई दिशानिर्देश गर्ने 'टर्च' हस्तान्तरण गरेको बताएका थिए । रासस

# 'विश्वका ५५ देशका सरकारद्वारा आलोचकमाथि यात्रा प्रतिबन्ध प्रयोग'

**वासिङ्टन ।**
विश्वका कम्तीमा पनि ५५ वटा सरकारले कथित राजनीतिक प्रतिद्वन्द्वीविरुद्ध दमनकारी रणनीतिका रूपमा यात्रा प्रतिबन्धको प्रयोग गरिरहेको बिहीबार सार्वजनिक एक प्रतिवेदनले देखाएको छ ।

फ्रिडम हाउसका अनुसार नागरिकता खारेज गर्ने, यात्रा प्रतिबन्ध लगाउने, राहदानी जफत गर्ने र कन्सुलर सेवाबाट बञ्चित गर्नेजस्ता उपायहरु अधिनायकवादी शासनहरूले खतराका रूपमा हेरिएका मानिसहरूको आवागमनको स्वतन्त्रतालाई कुण्ठित गर्न प्रयोग गरेका छन् ।

बेलारुस, भारत, निकारागुआ, रुवान्डा र साउदी अरबका ३१ जनाको अन्तर्वार्ताका आधारमा यो प्रतिवेदन तयार पारिएको फ्रिडम हाउसले जनाएको छ ।

प्रतिवेदनमा उल्लेख गरिएका सरकारहरूले राजनीतिक सक्रियता वा असहमतिको बदलालिन यी चार विधिमध्ये कम्तीमा एउटा विधि प्रयोग गर्ने गरेको अमेरिकी गैरनाफामूलक संस्थाले जनाएको छ ।

फ्रिडम हाउसका अन्तरिम अध्यक्ष निकोल बिबिन्स सेडाकाले भने,'अधिनायकवादीहरूले विरोधीहरूलाई वाक स्वतन्त्रताबाट रोक्न कुनै पनि सम्भावित उपायको खोजी गरिरहेका छन् ।' उनले अगाडि थपे,'आन्दोलनका प्रतिबन्ध, राजनीतिक कारावास र अन्तरदेशीय दमनलाई सम्बोधन गर्न अन्तर्राष्ट्रिय समुदायको थप जागरुकता र ठोस प्रयासबिना असहमतिलाई दबाउन र मौलिक अधिकारको उल्लङ्घन गर्न यी रणनीतिहरूको प्रयोग बढ्नेछ ।'

सन् २०१८ को अक्टोबरमा इस्तानबुलस्थित साउदी वाणिज्य दूतावासमा टर्कीकी मङ्गेत्तरसँग विवाहका लागि आवश्यक कागजात लिन गएका साउदी पत्रकार जमाल खशोग्गीको हत्या भएको थियो ।

फ्रिडम हाउसले निकारागुआले सन् २०२३ मा २ जना राजनीतिक बन्दीलाई अमेरिका निर्वासित गरेको उल्लेख गरेको छ ।

निकारागुआमा समाचार वेबसाइट कन्फिडेन्सियलका संस्थापक कार्लोस फर्नान्डो चामोरोले भने, 'निकारागुआमा मेरो वैध पहिचान छैन र मेरा बच्चाहरूको बुबा वा आमा छैन किनभने उनीहरूका बुबा र आमा अस्तित्वमा छैनन् ।'

'हाम्रो घर, जग्गा, सेवानिवृत्तिको रूकम (पेन्सन) सहित सबै सम्पत्ति जफत भएको छ,' उने भने ।

फ्रिडम हाउसका अनुसार गत जुन महिनामा हङकङका छ जना प्रजातन्त्र समर्थक कार्यकर्ताको राहदानी रद्द गरिएको थियो ।

विदेशमा रहेका इरिट्रियालीले कन्सुलर सेवा प्राप्त गर्न 'अफसोस् वा र पश्चाताप' फारममा हस्ताक्षर गर्न बाध्य भएका छन् ।

बहराइन, इजिप्ट, कुवेत र संयुक्त अरब इमिरेट्सका अधिकारीहरूले विगत एक दशकमा सयौं राजनीतिक विद्रोही, मानव अधिकारकर्मी, पत्रकार र अन्यको नागरिकता खोसेको प्रतिवेदनमा उल्लेख छ ।

लगभग ४० वटा सरकारहरूले देशभित्र वा बाहिर आवतजावतमा प्रतिबन्ध लगाएका छन्, र भारत र साउदी अरबलगायत धेरै राज्यहरूमा यसबारे कुनै आधिकारिक सूची छैन ।

पीडितहरूले विमानस्थलमा आइपुग्दा वा अफवाहको माध्यमबाट मात्र उनीहरूलाई लक्षित गरिएको थाहा पाउँछन् ।

प्रतिवेदनअनुसार ३८ देशका सरकारले राहदानीजस्ता महत्वपूर्ण कागजातमा पहुँचलाई नियन्त्रण गरेर आफ्ना नागरिकको आवागमनमा रोक लगाएका छन् भने तीमध्ये १२ वटा देशले राहदानी नवीकरण वा जन्म वा विवाहको प्रमाणपत्र जारी गर्नेजस्ता कन्सुलर सेवाबाट बञ्चित गरेका छन् । रासस

# मानवअधिकार उल्लङ्घनको समीक्षा गर्न संयुक्त राष्ट्रसङ्घको टोली बङ्गलादेशमा

**ढाका ।**
शेख हसिनाको १५ वर्षे शासन अन्त्य गर्ने विद्यार्थी नेतृत्वको प्रदर्शनका क्रममा भएका कथित मानवअधिकार उल्लङ्घनको अध्ययन गर्न संयुक्त राष्ट्रसङ्घको एक टोली बिहीबार बङ्गलादेश पुगेको छ ।

एक महिनाभन्दा बढी चलेको विद्यार्थी आन्दोलनमा व्यापक जन सहभागिता देखिएपछि गत अगष्ट ५ मा पूर्व प्रधानमन्त्री हसिना हेलिकप्टरबाट भागेर छिमेकी मुलुक भारतको राजधानी नयाँ दिल्ली गएका थिए । उनको राजिनाको जानकारी बङ्गलादेशका सेना प्रमुखले दिँदै देशले छिट्टै अन्तरिम सरकार गठन गर्ने बताएका थिए ।

आन्दोलनका क्रममा ४५० जनाभन्दा बढीको मृत्यु भएको थियो भने अधिकांशले प्रहरीको गोली लागि वा बल प्रयोगका कारण ज्यान गुमाएका थिए ।




संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार कार्यालयले गत साता एक प्रारम्भिक प्रतिवेदनमा प्रदर्शनका क्रममा सुरक्षा बलले अनावश्यक र असमान बल प्रयोग गरेको भन्ने बलियो सङ्केत रहेको र थप स्वतन्त्र अनुसन्धानको खाँचो रहेको बताएको थियो । 'कथित उल्लङ्घनमा गैरन्यायिक हत्या, स्वेच्छाचारी गिरफ्तारी र हिरासत, बलपूर्वक बेपत्ता पार्ने, यातना र दुव्र्यवहारका घटनासमेत समावेश छन्,' विज्ञप्तिमा भनिएको छ ।

मानव अधिकार कार्यालयले बिहीबार जारी गरेको विज्ञप्तिमा भनिएको छ,'अब बङ्गलादेशमा उच्च स्तरीय समूहले 'मानव अधिकार उल्लङ्घनको अनुसन्धानको खाका' तयार गर्नेछ ।'

संयुक्त राष्ट्रसङ्घको ढाकास्थित कार्यालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'छलफलका आधारमा आगामी हप्ताहरूमा अनुसन्धानका लागि छुट्टै तथ्य पत्ता लगाउने टोली परिचालन गर्न सकिन्छ ।'

बङ्गलादेशका अन्तरिम नेता मोहम्मद युनुसले संयुक्त राष्ट्रसङ्घका अनुसन्धानकर्तालाई आवश्यक पर्ने सबै सहयोग आफ्नो प्रशासनले गर्ने बताएका छन् । पूर्वप्रधानमन्त्री हसिनाको सरकारमाथि व्यापक दुव्र्यवहार गरेको आरोप लागेको थियो, जसमा राजनीतिक विरोधीहरूको सामूहिक हिरासत र गैरन्यायिक हत्या पनि समावेश थियो ।

हसिनाले गठन गरेको बङ्गलादेशी युद्ध अपराध न्यायाधिकरणले हालैको अशान्तिलाई लिएर आफ्ना संस्थापकमाथि तीनपटक 'सामूहिक हत्या' को अनुसन्धान सुरु गरेको छ ।

यी तीनवटै मुद्दा निजी व्यक्तिले ल्याएका हुन् र हसिनाका केही पूर्व उच्च सहयोगीहरूको पनि नाम लिइएको छ । रासस

# नेप्से परिसूचकमा वृद्धि भई १९ अर्बको कारोबार

**काठमाडौँ ।**
धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक विहीबार सामान्य अङ्कले उकालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक छ दशमलव शून्य एक अङ्कले उकालो लागेर दुई हजार नौ सय ७४ दशमलव ४६ मा पुगेको छ ।

कारोबार भएका कूल १३ उपसमूहमध्ये छ उपसमूहको शेयर मूल्यमा गिरावट आउँदा सात उपसमूहको शेयर मूल्य भने बढेको छ । ठूला कम्पनीको कारोबार मापक सेन्सेटिभ परिसूचक तीन दशमलव ७५ अङ्कले उकालो लागेर पाँच सय ३३ दशमलव ८६ मा पुगेको छ ।

कूल चार करोड नौ लाख ५१ हजार सात सय २० कित्ता शेयर रु १९ अर्ब १६ करोड छ लाख ५२ हजार ८५ मूल्यमा खरिद बिक्री भएका छन् । नेप्सेका अनुसार तारागाउँ रिजेन्सी होटल, नारायणी डेभलपमेन्ट बैंक, ज्योति विकास बैंक, कर्पोरेट डेभलपमेन्ट बैंक, सिन्धु विकास बैंक, सप्तकोशी डेभलपमेन्ट बैंक, श्री स्टार हाइड्रोपावरको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ ।

त्यस्तै, एसबिएल डिवेञ्चर १०, एनबिबिएल डिवेञ्चर तीन दशमलव ९५, बोटलर्स नेपाल बालाजु तीन दशमलव ९२, राष्ट्रिय बीमा कम्पनी तीन दशमलव ७३ र सगरमाथा जलविद्युत् कम्पनीका लगानीकर्ताले तीन दशमलव ७३ प्रतिशतले गुमाएका छन् । रासस

# ‘बुद्ध र सगरमाथा पछि क्रिकेटले नेपाललाई विश्वमा चिनाएको छ’

*क्रिकेटका लागि एक मात्र त्रिवि क्रिकेट मैदान, फुटबलका लागि एक मात्र दशरथ रंगशाला, भलिबलका लागि त्यहीँ राखेपको भलिबल कोर्ट बाहेको केही पूर्वाधार नहुनु यो देशका लागि दुर्भाग्य र खेलप्रमीका लागि दुःखको कुरा हो । आजको खेलकुदको पूर्वाधार, मानसिकता, ढाँचा, जनशक्ति र बुझाईको स्तरबाट नेपालको खेलकुदको विकास सम्भव छैन । देश संघीयतामा गइसकेको अवस्थामा सात वटै प्रदेशमा खेलका पूर्वाधार हुन जरुरी छ । सुधार नीति र ऐनको प्रस्तावनाबाटै सुधार गर्न जरुरी छ, हैन भने गन्तब्य सहज छैन । हामीले विकेन्द्रिकरणको नाममा मान्दै आएको संघीयता र एउटा फगत राजनीतिक पद्धती मात्र हो, त्यसैलाई नेपाली खेलकुदको परिवर्तन बुझ्न गलत हुन्छ । आधुनिक खेलकुदको विषयलाई बुझ्नु र अघि बढाउनु आजको आवश्यकता हो । पर्सा जिल्ला, खेलकुदका लागि एउटा ऐतिहासिक भूमि हो । क्रिकेट, फुटबलको क्षेत्रका वीरगंजले राष्ट्रिय स्तरमा अफ्रो योग्दान दिएका छन् । काठमाडौँको दशरथ रंगशाला पछि वीरगंजको नारायणी रंगशाला देशकै ठूलो रंगशालाको रुपमा परिचित थियो । तर आज त्यसको अवस्था के छ सबैले बुझेका छन् । त्यसको पुनःसंरचना र निर्माणमा सरकारले कुनै चासो दिएको छैन, बजेट विनियोजन गरेको छैन् । देश र वीरगंजको क्रिकेटको अवस्था, कानुन निर्माण र भौतिक पूर्वाधारको बारेमा पर्सा क्रिकेट संघका अध्यक्ष मनिष सिंहसँग गरिएको कुराकानीको सम्पादित अंशः*




हामीले खेलकुदको प्रस्तावनामै स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद भनेका छौं । अबको विश्व खेलकुद स्वास्थ्यका लागि मात्र भनेर हुँदैन । खेलकुदमा राज्यको प्राथमिकता र लगानी निकै कम छ । कम लगानीमा हामीले ठूलो अपेक्षा र सम्भावना खोज्नु मुर्खता जस्तै हुन्छ । नीति र ऐनको प्रस्तावनामै परिवर्तन जरुरी छ । खेलकुदको अबको लक्ष्य र दृष्टिकोण प्रस्ट हुन जरुरी छ ।


नारायणी रंगशाला, वीरगंजको अवस्था

**केही दिन अगाडि यहाँ काठमाडौँमा क्रिकेटका उच्च अधिकारीहरुसँग भेट गर्नु भयो, मुख्य रुपमा के कुरामा ध्यानाकर्षण गराउनु भयो ?**

– क्रिकेट ले जे पनि उपलब्धी प्राप्त गरेको छ त्यो खेलाडीहरुकै मेहनतले पाएको हो । अझै पनि अन्तर्राष्ट्रिय रुपमा स्थापित हुनलाई हामीसँग पूर्वधार र खेलका विभिन्न सेवा सुविधाहरुको आवश्यक छ । हाम्रो अहिलेका प्रधानमन्त्रीले भन्ने गर्नु हुन्छ कि खेलका पूर्वाधारका लागि हाम्रो सातै प्रदेशमा एउटा राम्रो राष्ट्रिय स्तरको खेलकुद मैदान चाहिन्छ, सबै हुन्छ । तर, कार्यान्वयन हुन सकेको छैन् । यहीँ सन्दर्भमा राष्ट्रिय खेलकुद परिषद(राखेप)ले पर्सा क्रिकेट संघलाई लगभग ५ विगाहा (४ विघा १८ कठ्ठा) जग्गा हाम्रो नारायणी स्टेडियमको छेउवा दिएको छ । सबै त्यसलाई सम्वद्धन र संरक्षण गर्न भनेको छ । त्यो जग्गामा हामीले खेलकुदको पूर्वाधार बनायौं भने मधेश प्रदेश मै मलाई लाग्छ एउटा ठूलो रंगशाला हुनसक्छ । हाम्रो वीरगंजले यहाँ ठूलो ठूलो प्रतियोगिता गरिसकेको छ । यहाँबाट राष्ट्रिय स्तरको खेलाडी दिएको छ । राष्ट्रिय टोलीबाट खेल्ने खेलाडीहरु यहाँ आएर खेलेका छन् । तर, अब यहाँ पूर्वाधार र सेवा सुविधाको भरमा हामी धेरै माथि पुग्न सक्दैनौं । यहीँ सन्दर्भमा मैले क्रिकेटका विभिन्न पदाधिकारी र खेलकुद मन्त्री ज्यूलाई भेटेर यो अवस्थाको बारेमा अवगत गराएको छु । खासगरी हाम्रो जुन जग्गा छ, त्यहाँ २–४ कठ्ठा केही व्यक्तिको निजी जग्गा पनि परेको छ । त्यहाँ उहाँहरु आफ्नो जग्गा उपभोग गर्न सक्नु भएको छैन । हामीले त्यहीँ कारणले आफ्नो जग्गाको संरक्षण र सम्वद्धन गर्न सकेका छौनौं । अब ११ औं राष्ट्रिय खेलकुद पनि मधेश प्रदेशमै हुने कुरा छ । यसलाई कसरी गर्ने, कसरी अगाडी जाने भन्ने कुरा छ । यसै सम्बन्धमा मैले मन्त्री ज्युलाई भेटेको हो ।

**यो भन्दा अगाडि नारायणी रंगशालाको विभिन्न समयमा पटक पटक मन्त्रीहरु र उच्च पदाधिकारीहरुले अनुगमन र निरीक्षण गर्नु भयो, प्रतिबद्धता गर्नु हुन्छ । तर, प्रतिबद्धता अनुसार काम कुरा अगाडि बढाउँदा त्यो पदमा फेरी अर्को व्यक्ति पुगिसकेको हुन्छ, यो तरिकाले खेलकुदको विकास सम्भव छ ?**

– आश्चर्य लाग्ने कुरा के छ भने, नारायणी रंगशाला जस्तो गौरवपूर्ण इतिहास बोकेको ठाउँको लागि कुनै कति बजेट छुट्याइएको छैन भन्दा दुःख लाग्छ । अर्को कुरा यहाँबाट निर्वाचित हुनु भएका नेताहरु, सांसदहरुले पनि यो विषयमा धेरै चासो राखेको पाइन् । उहाँहरु यहाँको अगुवा हो । उहाँहरुले यहाँको हरेका क्षेत्रको बारेमा चासो दिनुहुन्छ, काम गर्नु हुन्छ । उहाँहरु खेलमा मात्र ध्यान दिउँन पनि हामी भन्न चाहनौं, खेल क्षेत्र छ, शिक्षा छ, स्वास्थ्य छ, जनजिविकाको सवाल छ । उहाँहरुले त्यो सबै हेर्नु पर्ने हुन्छ । तर, हामी जस्तो व्यक्ति जो खेल क्षेत्रको कुनै संघ संस्थामा आवद्ध छौं, हाम्रो कर्तव्य हो कि हामी उहाँहरुलाई यो क्षेत्रको विकासका लागि झक्झक्याऔं । यहाँको खेलकुदको विकास, भौतिक पूर्वाधारको निर्माणमा जोड दिऔं । यस्तो गौरवपूर्व इतिहास बोकेको नारायणी रंगशालाको बारेमा हामीले मन्त्री ज्युसँग कुरा गर्दा, उहाँलाई हामीले भन्यौं कि रंगशालाका लागि एक रुपैयाँ पनि बजेट विनियोजन गरिएको छैन । सुरुमा उहाँ एकदमै निरास हुनु भयो । तर, हामीले त्यहाँ के सुन्यौं भने, यो विषय, यो सन्दर्भमा कुरा गर्न म कुनै आधिकारिक व्यक्ति त होइन तर मैले के सुने भने, नारायणी रंगशालाको निर्माणको जिम्मा कतार सरकारले लिने कुरा छ । त्यसको वृहत् डीपीआर बनिसकेको छ । यदी त्यो हिसाबले बन्यो भने, नाराणयी रंगशाला नेपालको एउटा राम्रो र अन्तर्राष्ट्रिय स्तरको रंगशाला बन्न सक्छ । ग्राउण्डसँगै त्यहाँ विभिन्न अभ्यासका पूर्वाधार बनाउन सकियो भने एउटा नमूना रंगशाला बन्छ ।

यस सन्दर्भमा मन्त्री ज्युसँग कुरा गर्दा उहाँले फाइलहरु मगाएर हेर्नुभयो । कतार सरकारसँगको त्यो कुरा हाम्रो परराष्ट्र मन्त्रालयसम्म पुगिसकेको छ । हामीले त्यो कुरामा अग्रसरता देखाएर दुई देशबीच यो विषयमा समझदारी र सम्झौता भयो भने यो हाम्रो लागि ठूलो उपलब्धी हुनेछ । मैले सुने अनुसार कतार सरकारले यो रंगशालालाई दुई वर्षमा निर्माण गरेर हामीलाई जिम्मा लगाउँछ । अब के छ भने यो विषयमा हाम्रो ठाउँबाट जित्नु भएका नेताहरु, हाम्रा प्रतिनिधिहरुले आफ्नो ठाउँबाट यो कुरा उठाइदिनु भयो भने यो समस्यालाई हामीले टुङग्याउन सक्छौं, जग्गाको मुआब्जा लगायतका समस्या समाधान गर्न सक्थ्यौं । र, मलाई लाग्छ यसको जस् पनि उहाँहरुले नै पाउनु हुनेछ । वीरगंज मात्र होइन्, काठमाडौँ, पोखरा, धनगढी, चितवन लगायत जहाँ जहाँ क्रिकेट रंगशालाको कुरा छ, यस बारेमा खेलप्रेमी, नागरिक समाजले कुरा उठायौं भने अतिकति सरकारलाई दबाब पुग्थ्यो र यसले कुनै निष्कर्ष लिन्थ्यो भन्ने लाग्छ ।

**भने पछि सम्बन्धित सम्पूर्ण सरोकारवालाहरुले एकपटक निर्णायक धक्का दिन आवश्यक छ ?**

– पक्कै पनि सम्पूणै सरोकारवाला व्यक्ति, खेलप्रेमी, नागरिक समाज, अगुवाहरुले संयुक्त रुपमा मिलेर सरकारलाई झक्झक्याउन सक्यौं, निर्णायक धक्का दिन सक्यौं भने मलाई लाग्छ, निकट भविष्य मै हामीले खुसीको कुरा सुन्न पाउँछौँ ।

**तपाईले नेपालको क्रिकेटको अवस्था र भविष्यलाई कसरी हेर्नु भएको छ ?**

– मलाई लाग्छ नेपालको क्रिकेट अवस्था अहिले जुन छ त्यो आफ्नो मिहिनेत र क्षमताले एउटा स्थान प्राप्त गरेको छ । नेपालले क्रिकेटमा प्राप्त गरेको उपलब्धीले म सन्तुष्ट छु । अहिले बुद्ध, एभरेस्ट पछि विश्वसामु नेपाललाई चिनाउने भनेको क्रिकेटले नै हो । नेपालको साधन स्रोत, पूर्वाधारको उपलब्धताको आधारमा नेपाली क्रिकेट खेलाडीहरुले जनु प्रदर्शन देखाएका छन्, विश्वले नेपालको खेललाई नजिकबाट नियालिरहेका छन् । नेपालले अन्तर्राष्ट्रिय रुपमा आफ्नो स्तरलाई देखाएको छ । मलाई लाग्छ अब नेपालको क्रिकेटलाई व्यवसायीकरण गर्न आवश्यक छ । यसलाई एउटा करियरको रुपमा पनि अगाडि बढाउन सकिन्छ । पहिले पहिले क्रिकेट खेल्दा घरबाट सपोर्ट हुँदैन्थ्यौं, तर अहिले २०–२५ जना नेपाली क्रिकेट खेलाडीले मासिक करिब एक लाखको हाराहारीमा पारिश्रमिक पाइराख्नु भएको छ । ३०–३५ जना खेलाडीहरु राष्ट्रिय कन्ट्र्याक्टमा हुनुहुन्छ । महिला क्रिकेट खेलाडीहरुले पनि मासिक २५ देखि ७५ हजार मासिक कमाइराख्नु भएको छ । उहाँहरुले आफूलाई देश विदेशमा चिनाइसक्नु भएको छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका विभिन्न लिगहरुमा उहाँहरु खेलिराख्नु भएको छ । मलाई लाग्छ अबको एक दशक नेपाली क्रिकेटको लागि यो स्वर्णिम काल हुनेछ ।

**यहाँ पर्सा क्रिकेट संघको अध्यक्ष हुनुहुन्छ । जिल्लामा विभिन्न निकायसँगको सहकार्यता कस्तो छ ?**

– यो सन्दर्भमा त के छ भने अहिले स्थानीय निकायहरु आर्थिक हिसाबले त त्यति छैन तर बाँकी काममा उहाँहरुको सहयोग रहेको छ । उहाँहरुले लजिङ, फुडिङमा सहयोग गर्नु भएको छ । स्थानीय तहले क्रिकेटलगायत खेलकुदमा उहाँहरुले खासै लगानी गर्न इच्छिुक देखिनु भएको छैन । हामीले जिल्ला, विद्यालयस्तरको विभिन्न खेलकुद कार्यक्रम गरिरहेका छौं । यो क्षेत्रमा अझै पनि लगानीको आवश्यकता छ ।

**विद्यालय तथा जिल्लास्तरबाट राष्ट्रिय स्तरमा खेलाडीलाई पुर्याउन तपाईहरुले के गरिरहनु भएको छ ?**

– हामीले समय समयमा जिल्लास्तरमा विभिन्न टाइल्याण्ट हन्ट गरिरहेका हुन्छौं । त्यहाँबाट हामीले उच्च क्षमता प्रदर्शन गरेकालाई अगाडी बढाउँन सहयोग गरिरहेका छौँ । हरेक विद्यार्थीमा फरक क्षमता हुन्छ । त्यसको पहिचान गरेर हामीले सहि परामर्श, सहयोग गरिरहेका हुन्छौँ ।

**खेल क्षेत्रको नियम कानुन निर्माण, यसलाई व्यवसायीकरण कसरी गर्न सकिन्छ ?**

– अहिले सम्म क्रिकेट बाहेक अरु कुनै खेलबाट करियर बनाउन सकिन्छ भन्ने देखिएको छैन । क्रिकेटका ५०–६० जनाले पैसा कमाइरहेका होलान्, फुटबल नेपालमा लोकप्रिय भएपनि त्यो अझै पनि व्यवसायीकण भइसकेको छैन । बाँकी खेलहरुको अवस्था यस्तो छ कि यसबाट हामीले करियर देख्न सक्दैनौं ।

अब नेपाल प्रिमियर लिगको क्रिकेट एसोसियन अफ नेपाल (क्यान) ले गर्ने घोषणा भएको छ । मंसिरको दोस्रो हप्ता देखि सुरु हुँदैछ । लिगमा विभिन्न टिमहरु छन् । टिमको व्यवस्थापन, प्रशिक्षण, पारिश्रमिकलगायतका कुराहरु छन् । सेवासुविधाका कुराहरु छन् । ती सबै टिमका मालिकले हेर्नु हुन्छ । त्यसको व्यवस्थापन गर्नुहुन्छ । उहाँहरुले यसलाई च्यारिटीको रुपमा लिनुभएको छैन, यसको व्यवसायीकरणको कुरा छ । योबाट खेलको चौतर्फी विकासका साथै लगानीकर्तालाई आर्थिक लाभ पनि हुन्छ । यस्तो खालको लिग क्रिकेट, फुटबल, भलिबल जस्ता सम्भावना बोकेका खेलमा पनि हुनुपर्छ, त्यसलाई व्यवसायीकरण गर्नुपर्छ । जो कर्पोरेट सेक्टर यो क्षेत्रमा सहयोग गर्न र जोडिन आइरहेका छन् उनीहरुलाई प्रोत्साहन गर्न जरुरी छ । सरकारले यस तर्फ ध्यान दिनु पर्छ ।

# भ्रमणले आपसी सद्भाव अभिबृद्धि भएको छः परराष्ट्रमन्त्री

**काठमाडौँ ।**
परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले आफ्नो भारत भ्रमणले नेपाल र भातरबीचको आपसी सद्भाव अभिबृद्धि गर्न उल्लेखनीय भूमिका निर्वाह गरेको बताएकी छन् । भारतको चारदिने औपचारिक भ्रमण सकेर बिहीबार स्वदेश फर्किएपछि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पत्रकारहरुसँग कुरा गर्दै उनले भ्रमणबाट दुई मुलुकबीच रहिआएको मैत्रीपूर्ण, सहयोगात्मक, बहुआयामिक र घनिष्ट सम्बन्धलाई आपसी समानता र लाभका आधारमा थप मजबुत तुल्याउन योगदान गरेको बताए ।
मन्त्री डा. राणाले भनिन्, ‘भ्रमणले आगामी दिनमा उच्चस्तर एवम् विभिन्न तहमा सम्पर्क विस्तार गर्न तथा द्विपक्षीय संयन्त्रहरु समेतका माध्यमबाट आपसी हितका लागि सहयोग र सहकार्य प्रबद्र्धन गर्न मार्गदर्शन समेत गरेको मैले विश्वास लिएको छु ।’
उनले भारतका विदेशमन्त्री एस जयशङ्करको निमन्त्रणामा आइतबार नयाँ दिल्ली गएको र दुई देशको उच्चस्तरीय भ्रमण आदानप्रदानको कार्यक्रमअनुसार नै यो भ्रमण भएको बताइन् । उनले भारतका प्रधानमन्त्री र विदेशमन्त्रीसँग सौहार्दपूर्ण रुपमा भेटवार्ता भएको तथा ती भेटमा नेपालको हित र चासोका साथै आपसी हितका विविध विषयहरुमा कुराकानी भएको जानकारी दिइन् ।
भ्रमणकाक्रममा सोमबार भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग नयाँ दिल्लीमा शिष्टाचार भेट भएको र नेपाल र भारतबीच रहिआएको मैत्रीपूर्ण सम्बन्धलाई थप सुदृढ तुल्याउने एवम् आपसी हितका विषयमा विद्यमान सहकार्य विस्तार गर्ने वषयमा विचारको आदानप्रदान भएको उनले जानकारी दिइन् । साथै त्यसअवसरमा प्रधानमन्त्री केपी शर्मा ओलीका तर्फबाट भारतका प्रधानमन्त्री मोदीलाई नेपालको राजकीय भ्रमणको निमन्त्रणा पत्र पनि हस्तान्तरण गरेको मन्त्री डा. राणाले बताइन् ।
सोही दिन मन्त्री डा. राणाले भारतीय समकक्षी विदेशमन्त्री एस जयशङ्करसँग पनि भेटवार्ता गरेकी थिइन् ।
भेटवार्तामा द्विपक्षीय सम्बन्ध र आपसी हितका साथै ऊर्जा, व्यापार तथा पारवहन, कनेक्टिभिटी, लगानी, हवाईमार्ग, पूर्वाधार निर्माण, बाढी तथा डुबान समस्या, पञ्चेश्वर बहुउद्देश्यीय आयोजना, खेलकूद, सीमा पूर्वाधारलगायत सहयोग आदानप्रदान र सहकार्यबारे छलफल भएको उनले जानकरी दिइन् । यो उनी परराष्ट्रमन्त्री नियुक्त भएपछिको पहिलो विदेश भ्रमण हो ।

# हदबन्दीको नाममा हाम्रो जग्गा कब्जा गर्न खोजिदैछः अरविन्द

**मधेशदृष्टि**
**वीरगंज ।**
पुष्पकमल दाहाल ‘प्रचण्ड’ नेतृत्वको तत्कालीन नेपाल कम्युनिष्ट पार्टी माओवादीको भूमिगत कालको झल्को दिने गरि बाराको कोल्हवीमा एउटा घटना प्रकाशमा आएको छ । ‘जनयुद्ध’कालमा माओवादीले उठाएको विभिन्न मुद्दा मध्येको एक वर्गीय समानताको नाममा गाउँघरका हुने खाने वा भनौं जमिनदारहरुका विरुद्ध गरिएको कारवाही अहिले पनि आममानिसको मानसपटलमा छ । उतिबेला जनकारवाहीको नाममा गाउँका जमिनदारहरुको जग्गा कब्जा गर्ने, जग्गा जमिनमा झण्डा गाड्ने र जोतभोग गर्न निम्न वर्गीयलाई दिने कुरा आम थियो ।
अहिले नदीमा धेरै पानी बगिसकेको छ, प्रचण्ड शान्तिपूर्ण राजनीतिमा आएको करिब दुई दशक पुग्न लाग्यो । तत्कालीन नेकपा माओवादीले आफ्नो नाम फेर्दै नेकपा एकीकृत माओवादी हुँदै नेकपा माओवादी केन्द्रसम्म आइपुगेको छ । ‘बुलेटबाट ब्यालेट’मा रुपान्तरण भएको माओवादीका दुई जना नेताले चार पटक प्रधानमन्त्री कै रुपमा देशकै नेतृत्व गरेका छन् । तर, पनि माओवादीका जिल्ला स्तरका नेता र कार्यकर्तामा ‘जनयुद्ध’ कै धङधडी बाँकी छ । बारा जिल्लाको कोल्हवी नगरपालिका–१० अमाव गाउँका अरविन्द कुमार साहको करिब १७ विघा जमिन त्यहाँका माओवादी केन्द्रका केही नेताहरुले कब्जा गर्न खोजेका छन् । अरविन्द र उनका भाइ विकास कुमार साहको नाउँमा रहेको जमिन अहिले हदबन्दी विवादमा रहेको छ । अदालतमा मुद्दा चलिरहेको छ । तर, हदबन्दीको नाममा आफूलाई माओवादी केन्द्रका नेता बताउनेहरुको नेतृत्वमा त्यसलाई कब्जा गर्न खोजिएको अरविन्दको गुनासो छ ।
‘हदबन्दीको विवाद छ, त्यसबारे अदालतमा मुद्दा चलिरहेको छ तर, उहाँहरु हाम्रो जमिनमा झन्डा गाड्ने, गाउँघरका सोझा महिलालाई जोतखन गर्न जमिन दिने प्रलोभनमा पारेर उहाँहरु हामीविरुद्ध खनिनु भएको छ ।’, अरविन्दले भने, ‘दर्जनौं महिलालाई जम्मा पारेर हामीविरुद्ध आन्दोलन र प्रदर्शन गर्न लागउनु भएको छ । हामी गाउँ जाँदा विवाद हुने र झगडाको अवस्था सृजना गर्न भएको छ ।’
गत साउन १८ गते गाउँ गएको बेला सो जग्गाको अवस्था हेर्न पुगेका थिए । त्यहीँ मौकामा उनको जग्गा कब्जा गर्न खोज्नेहरु उनलाई र भाइलाई घेरामा हाली हातपात गरी विभिन्न धाकधम्की दिएको अरविन्दले जिल्ला प्रहरी कार्यालय बारामा



दिएको जाहेरीमा उल्लेख गरिएको छ । जग्गा कब्जा गर्न पुगेकाहरुले विवाद गरेपछि उत्पन्न परिस्थितिले झडपको रुप लिएको र सो झडपमा भाइ विकास घाइते समेत भएको अरविन्दले बताए ।
उनले अभद्र व्यवहारमा कोल्हवी नगरपालिकाका नेकपा माओवादी केन्द्र निकट अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी केन्द्र) का मधेश प्रदेश सदस्य प्रकाश चौधरी, सिकिन्द्र कुमार कुशवाहा, प्रेम चौधरी, शान्ति माझी, राजकुमारी पासवान, करैयामाई गाउँपालिका–२ का जितेन्द्र चौधरी, सिम्रौनगढ नगरपालिका–२ का कञ्चन पासवान, बारागढी गाउँपालिका–५ का श्रीचन चौधरीलगायत ११ जना विरुद्ध जाहेरी दिए । छानबिन पछि प्रहरीले उनीहरु सबै ११ जनालाई करिब १० दिन थुनामा राख्यो । अहिले तारेखमा छुटेकाहरुले फेरी विभिन्न माध्यमबाट आफूहरुलाई धम्की दिने गरेको र मानसिक तनाव दिने गरेको अरविन्दको आरोप छ ।
तर, यस विषयमा आफूहरुले कुनै पनि दबाब, धम्की नदिएको विपक्षी प्रकाश चौधरी बताउँछन् ।‘उहाँहरु गाउँको जमिनदार हो । उहाँहरुसँग प्रशस्त जमिन छ, विवाद जमिनमा हदबन्दी लागेको छ ।
मुद्दा चलिरहेको छ । मुद्दाको किनारा नलागेसम्म त्यो खेत गाउँमा एक धुर पनि जमिन नभएकाहरुलाई जोतखोन गर्न दिनु पर्यो भन्ने हाम्रो भनाई छ’, चौधरी भन्छन्, ‘तर उहाँले अरुलाई जोत्न दिनु भएको छ ।’
यसै विषयमा कुशुवाहा भन्छन्, ‘हामी त अरविन्द जीलाई चिनेका छैनौं, उहाँसँग भेट पनि भएको छैन, उहाँसँग हाम्रो केही विवाद छैन, यति मात्र हो, त्यो जमिनमा हदबन्दी लागेको छ । गाउँघरका गरिब घरपरिवारलाई जोत्न खान दिनु पर्यो ।’
यता, जोतखन गर्न दिने कि नदिने त्यो प्रहरी प्रशासन र अदालतले निर्णय गर्ने कुरा हो, तर उनीहरु हुलका हुल जम्मा भएर हाम्रो दैनिक जीवनलाई समेत प्रभावित गर्ने काम गरिरहेको अरन्दिको आरोप छ । उनीहरुको काम नै कहिले सहकारी ठगीको नाममा त कहिले मिटर ब्याजीको नाममा सोझा साझा गाउँलेलाई झक्याएर पैसा खाने र आफ्नो घर चलाउने रहेको अरविन्दको आरोप छ ।
‘तपाई हेर्नुस न उजुरीमा नाम रहेका र जेल परेकाहरुको ठेगाना, करैयामाई, बारागढी, सिम्रौनगढबाट मान्छे बोलाएर, जम्मा पारेर हामीलाई धाकधम्की दिन्छन्’, अरविन्द भन्छन्, ‘सरकार र अदालतले जे निर्णय गर्छ त्यो हामीलाई मन्जुर छ । तर, उहाँहरुको हामीविरुद्धको पुर्वाग्रह ठिक होइन् । हामी शान्तिपूर्वक बस्न चाहन्छौं ।’

# वार्तापछि कटहरियामा पठनपाठन सुरु

**सञ्जय मिश्रा**
**रौतहट ।**
तलव भत्ताको माग गर्दै आन्दोलनमा उत्रेका बाल विकास शिक्षिका र विद्यालय कर्मचारीहरु र जनप्रतिनिधिबीचको वार्ता सफल भएपटि कटहरियाको विद्यालयमा पठनपाठन सुरु भएको छ । दुईपक्षीय वार्तापछि आन्दोलनकारीले नगरक्षेत्र भरीको विद्यालयमा बुधबार गरेको तालावन्दी खोलिएको छ । ताला खोलिएसँगै बिहीबारदेखि नै पठनपाठन सुरुभएको नगर शिक्षा संयोजक अनील कुमार निधिले बताए । कटहरिया नगरपालिकाका नगर प्रमुख जयप्रकाश जैसवाल र उपमेयर रिता देवी यादव निलम्बित रहेको अवस्थामा वडा अध्यक्षहरु, नगर शिक्षा संयोजक र आन्दोलनकारी बीच नगरपालिकाको सभाकक्षमा वार्ता भएको थियो । दुईपक्षीय वार्तामा आगामी असोज १६ गते भित्र बाल विकास शिक्षिका र सम्पूर्ण विद्यालय कर्मचारीको बक्यौता तलब भत्ता उपलब्ध गराउने सहमति भएको बैठकमा सहभागी वडा ४ का अध्यक्ष चन्दन कुशवाहाले बताए । त्यसैगरी नगरभरिका सम्पूर्ण करारका कर्मचारीलाई तलब दिने र नेपाल सरकारले निर्धारण गरेको मापदण्ड अनुसार बाल विकास शिक्षिका र विद्यालय कर्मचारीलाई तलब भत्ता उपलब्ध गराईने सहमति भएको वडा अध्यक्ष कुशवाहाले जानकारी दिए ।
बुधबार कर्मचारी र शिक्षिकाले विद्यालय समय अगावै विद्यालयहरुको मूल गेटमा तालावन्दी गरेको कारण पठनपाठन अवरुद्ध भएको थियो । बुधबार कटहरियाको मावि ५, निमावि ५ र प्रावि १४ गरी सबै २४ विद्यालयको पठनपाठन हुन सकेको थिएन । तलव भत्ताको माग गर्दै पछिल्लो एक महिनादेखि शिक्षिका र विद्यालय कर्मचारीहरु आन्दोलित भएका थिए ।

# प्रहरीको ३० वर्षे सेवाअवधि विवाद
# कार्यान्वयन नगर्न सर्वोच्चद्वारा अन्तरिम आदेश

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल प्रहरीमा ३० वर्षे सेवाअवधि हटाउन मागसहित परेको रिटमा सर्वोच्च अदालतले अन्तरिम आदेश दिएको छ । आगामी भदौ १६ गते अवकाश हुन लागेका प्रहरी अधिकृतहरूले दायर गरेको रिटमा बिहीबार सुनुवाइ गर्दै न्यायाधीश हरिप्रसाद फुयालको एकल इजलासले यससम्बन्धी निर्णय कार्यान्वयन नगराउन आदेश दिएको हो । सर्वोच्चले यसअघिका बृहत पूर्ण इजलासका निर्देशनात्मक आदेशहरू किन कार्यान्वयन नभएको हो ? र, यस सम्बन्धमा संविधानको धारा १२८ (४) बमोजिम कारबाही किन चलाउनु नपर्ने हो ? भन्ने सम्बन्धमा विपक्षीहरूसँग १५ दिनभित्र छुट्टाछुट्टै जवाफ खोजेको छ । सर्वोच्चले यो मुद्दालाई अग्राधिकार दिँदै आगामी असोज १० गते पूर्ण इजलासमा पेस गर्न पनि आदेश दिएको छ । सर्वोच्चले यो विवादमा विपक्षीहरूसँग लिखित जवाफ मागेको छ ।
यही भदौ १६ गते अवकाशमा जान लागेका ९० मध्ये २१ अधिकृतले बुधबार सर्वोच्च अदालतमा रिट हालेका थिए । ३० वर्षे सेवाअवधिका कारण अवकाश पाउने व्यवस्थाविरुद्ध तत्काललाई उनीहरूले



अन्तरिम आदेश मागेका थिए । १६ भदौ, २०८१ मा अवकाश हुन लागेका एसएसपी जीवनकुमार श्रेष्ठसमेत २१ जनाले सर्वोच्चमा ३० वर्षे सेवावधिका आधारमा अवकाश हुने ब्यवस्था खारेजको माग राख्दै रिट निवेदन दर्ता गरेका थिए ।
प्रहरी नियमावली २०७१ मा सेवावधिका आधारमा अवकाश हुने ब्यवस्था छ । उनीहरूले त्यो व्यवस्था हटाउन माग राखे अनुसार अन्तरिम आदेश आएको छ । निजामती सेवामा ५८ वर्षे उमेरहद मात्रै लागू छ । सैनिक सेवा, शिक्षक सेवा, स्वास्थ्यसेवामा ४० वर्षे उमेरहदका आधारमा अवकाश हुने ब्यवस्था छ । न्यायसेवामा न्यायाधीशहरू ६५ वर्षसम्म कार्यरत हुन सक्छन् । नेपाल प्रहरी र सशस्त्र प्रहरी बलमा ३० वर्षे सेवावधिले अन्याय भएको भन्दै रिट निवेदनमा उक्त ब्यवस्था खारेज गर्न भनिएको थियो । यही व्यवस्था कायम रहेका नेपाल प्रहरीका अतिरिक्त महानिरीक्षक (एआईजी) देखि प्रहरी निरीक्षक (इन्सपेक्टर) सम्म ९० जना यही भदौमा अवकाशमा जाँदै थिए । प्रहरीमा ३० वर्षे सेवाअवधि हटाउन अहिले गृह मन्त्रालयमा छलफल भइरहेको छ । नेपाल प्रहरी र सशस्त्र प्रहरीको अवकाशको उमेर पुनरावलोकन गर्न बनेको कार्यदलको प्रतिवेदन स्वीकृत गरेर राय माग्न अर्थ मन्त्रालयमा पठाइएको छ । गृहका सह–सचिव झक्कप्रसाद आचार्य संयोजकत्वको कार्यदलले गृहमन्त्री रमेश लेखकलाई प्रतिवेदन पनि दिइसकेको छ । प्रतिवेदनमा बढीमा १० वर्ष र कम्तीमा पनि ६ वर्षभित्रमा पूर्णरूपमा ३० वर्षे सेवा अवधि सकिने जनाइएको थियो ।
कार्यदलले प्रहरीको पदावधि प्रत्येक वर्ष ६ महिनाको दरले थप्न भनेको थियो। आईजीपीको ३ वर्ष, एआईजीको ४ वर्ष, डीआईजीको ५ वर्ष, एसएसपी (नेपाल प्रहरीतर्फ) ८ वर्ष, एसपी र डीएसपीको १० वर्ष कायम गर्न सिफारिस गरिएको थियो । सशस्त्र प्रहरीका एसएसपीका लागि ७ वर्ष सिफारिस गरिएको थियो ।

# चिनियाँ ऋण अनुदानमा बदल्ने सरकारी अनुरोधको स्वागत



**मधेशदृष्टि**
**काठमाडौँ ।**
राष्ट्रिय एकता अभियानले पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका लागि चीनबाट लिइएको ऋणलाई अनुदानमा परिणत गर्न नेपाल सरकारले गरेको औपचारिक पत्राचारलाई स्वागत गरेको छ ।
अभियानले यो कदमलाई राष्ट्रको आर्थिक स्वाधीनता र दीर्घकालीन हितका लागि महत्त्वपूर्ण निर्णयको रूपमा लिएको छ । २०७७ सालदेखि नै राष्ट्रिय एकता अभियानले पोखरा विमानस्थलको ऋण व्यवस्थापन र यससँग सम्बन्धित अन्य राष्ट्रिय मुद्दाहरूमा निरन्तर आवाज उठाउँदै आएको छ । चीनसँग लिइएको ऋणलाई अनुदानमा बदल्न सरकारले गरेको पहललाई अभियानले आफ्नो दीर्घकालीन प्रयासको महत्त्वपूर्ण प्रगति भनेको छ ।
यद्यपि, अभियानले सरकारको यस कदमलाई मात्रै पर्याप्त नठानी, पोखरा अन्तर्राष्ट्रिय विमानस्थलसँग सम्बन्धित अन्य बाँकी मागहरू पनि तत्काल पूरा गर्न जोडदार आग्रह गरेको छ । यसमा विमानस्थलको पूर्ण सञ्चालन, निर्माणमा भएको भ्रष्टाचारको छानबिन, नागरिक उड्डयन प्राधिकरणका असफल तथा भ्रष्ट महानिदेशकको बर्खास्ती, बीआरआईसँग जोडेर बदनाम गर्ने चिनियाँ राजदूतसँग स्पष्टिकरण माग, प्राविधिक त्रुटिहरूको समाधान, र चर्को ब्याजदरको ऋणलाई अनुदानमा परिणत गर्न थप पहल गर्नुपर्ने रहेका छन् । राष्ट्रिय एकता अभियानले सरकारको निर्णयले नेपालको दीर्घकालीन आर्थिक हितलाई ध्यानमा राख्दै नागरिकहरूको विश्वास जित्नुपर्ने आवश्यकता औं


राष्ट्रिय एकता अभियान

ल्याएको छ ।
अभियानले आगामी दिनमा पनि राष्ट्रिय स्वाभिमान र आर्थिक स्वाधीनताको पक्षमा आफ्नो संघर्षलाई निरन्तरता दिने प्रतिबद्धता जनाएको छ ।

# नेपाली जनता दलको अध्यक्षमा पुनः साह

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाली जनता दलको छैटौं महाधिवेशनमा नेपाली जनता दलको अध्यक्षमा हरिश्चन्द्र साह सर्वसम्मत निर्वाचित भएका छन् । जनकपुरधाममा भएको महाधिवेशनमा साह पुनः निर्वाचित भएका हुन । महाधिवेशनबाट केन्द्रीय सदस्यमा काजीमान अत्रेय (रुपेन्देही), रामबाबु रजक (सप्तरी), रामविलास सदाम (सप्तरी), रामप्रसाद साहु (सिर्लाही), राम प्यारे पासवान (सर्लाही), सुनैना कर्ण (धनुषा), मनोजकुमार महतो (रौतहट) रहेका छन् ।

# जनकपुर र झारखण्ड रामायणकालीन सम्बन्ध छः अरुण साहू



**मिश्रीलाल मधुकर**
**जनकपुरधाम ।**
भारतीय कांग्रेस पार्टीका युवा नेता तथा झारखण्ड तेली समाजका अध्यक्ष अरुण साहुले जनकपुरधाम र झारखण्डबीच रामायणकालीन सम्बन्ध रहेको बताएका छन् । उनले माता सीताको सम्बन्ध जनकपुरधाम रहेको जगजाहेर रहेको बताउँदै झारखण्डको हनुमानजीको जन्मस्थल गुमला जिल्लाको अञ्जना गाउँमा रहेकाले पनि यी दुई ठाउँबीच बलियो सम्बन्ध रहेको बताए । परशुरामको तपस्वी स्थान गुमलाको टाँगीनाथ स्थानमा आज पनि भगवानको बन्चरो रहेको उल्लेख गर्दै त्यहाँ परशुरामले वर्षौंसम्म तपस्या र अहिले देश विदेशबाट त्यहाँ दर्शनका लागि भक्तजन आउने गरेको जानकारी दिए ।
उनले जनकपुरधामको जानकी मन्दिर र काठमाडौँको पशुपतिनाथको दर्शन गर्न झारखण्डबाट ठूलो संख्यामा भक्तजन आउने र राँचीको काँकेस्थित मानसिक अस्पतालमा नेपालका बिरामी पनि पुग्ने गरेको सन्दर्भमा पनि यी दुई ठाउँबीचको सम्बन्धलाई प्रस्ट पारेको बताए ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन